# हाम्रो राप्ती सोनारी

## कक्षा २





# हाम्रो राप्तीसोनारी

## कक्षा २

# विषयवस्तु

**एकाइ एक : राप्तीसोनारीको परिचय**

पाठ १ : मेरो वडा कार्यालय

पाठ २ : मेरो वडाका गाउँ टोल

पाठ ३ : मेरा छिमेकी विद्यालय

पाठ ४ : हाम्रा स्थानीय बजार

पाठ ५ : मेरो वडाका खोलानाला, ताल र झरना

पाठ ६ : राप्तीसोनारी अस्पताल

**एकाइ दुई : हाम्रा सम्पदा र संस्कृतिहरू**

पाठ ७ : हाम्रा धार्मिक स्थलहरू

पाठ ८ : हाम्रा नृत्यहरू

पाठ ९ : जातजाति र चाडपर्व

**एकाइ तीन : हाम्रा पेसा, व्यवसाय र प्रविधिहरू**

पाठ १० : हाम्रा छिमेकीको पेसा, व्यवसाय

पाठ ११ : हाम्रा बेमौसमी बालीनाली

पाठ १२ : हाम्रा स्थानीय अन्नबाली

पाठ १३ : हाम्रा स्थानीय तरकारी

पाठ १४ : हाम्रा उत्पादन र बजार

**एकाइ चार : खुसीका लागि शिक्षा र जीवनोपयोगी सिप**

पाठ १५ : आनीबानी र स्वभाव

पाठ १६ : खुसी हुने कला

पाठ १७ : गीत, सङ्गीत र नृत्य

पाठ १८ : मेला र चाडपर्वमा गरिने क्रियाकलापहरू

पाठ १९ : योग

पाठ २० : श्रमप्रतिको सम्मान

पाठ २१ : अशक्तहरूप्रतिको सहयोग

**एकाइ पाँच : हाम्रो वातावरण**

पाठ २२ : हाम्रा वरपरका बोटबिरुवाहरू

पाठ २३ : घर र विद्यालयको बगैँचा

पाठ २४ : बोटबिरुवा रोपौँ

पाठ २५ : पानीका स्रोतहरू र उपयोग

पाठ २६ : फोहोरमैलाको परिचय

पाठ २७ : फोहोर हुने कारण र असर

पाठ २८ : फोहोरमैलाको वर्गीकरण

**एकाइ छ : विपद व्यवस्थापन**

पाठ २९ : विपद् पहिचान र बच्ने उपायहरू

पाठ ३० : घर र विद्यालयमा हुने जोखिम र बच्ने उपायहरू

पाठ ३१ : घर, विद्यालय र बाटाका विपद् र बच्ने उपायहरू

# एकाइ १

# राप्तीसोनारीको परिचय














# पाठ १

## मेरो वडा कार्यालय

### क) पढौँ र गरौँ :




मेरो नाम दिप्सा थारू हो । मेरो घर सूर्यलालपुर गाउँमा पर्छ । मेरो गाउँ वडा नं. ४ मा पर्दछ । वडा नं. ४ को कार्यालय बैजापुरको मोरङ्गा खोलाको पुलको नजिकै पर्छ । मेरो गाउँपालिकाको नाम राप्तीसोनारी गाउँपालिका हो । राप्तीसोनारी गाउँपालिकाको कार्यालय अगैयामा पर्छ । हिजो मेरो बुवा बहिनीको जन्मदर्ता गराउन वडा कार्यालयमा जानुभएको थियो ।

### प्रश्नहरू :

अ) तपाईँको घर कुन गाउँमा पर्छ ?

.............................................................................

आ) तपाईंको वडा कार्यालय कुन गाउँमा पर्छ ?

.............................................................................

इ) तपाईंको गाउँपालिकाको नाम के हो ?

.............................................................................

ई) राप्तीसोनारी गाउँपालिकाको कार्यालय कहाँ रहेको छ ?

.............................................................................

उ) जन्मदर्ता गराउन कहाँ जानुपर्छ ?

.............................................................................

## ख) जोडा मिलाऔँ :

| | |
|---|---|
| गाउँपालिकाको कार्यालय | राप्तीसोनारी |
| ४ नं. वडाको कार्यालय | अगैया |
| गाउँपालिकाको नाम | बैजापुर |

## ग) खाली ठाउँ भरौँ :

अ) मेरो घर ..........नं. वडामा पर्छ ।

आ) मेरो वडा कार्यालय........ मा पर्छ ।

इ) मेरो गाउँपालिकाको नाम.................... हो ।

## पाठ २

# मेरो वडाका गाउँ टोल

### क) हेरौँ र छलफल गरौँ :



अ) चित्रमा के देख्नुभयो ?

### ख) पढौँ, बुझौँ र उत्तर दिऔँ :

मेरो नाम संयम पुन हो । म ३ नं. वडाको भवनियापुरमा बस्छु । यस वडामा १३ वटा गाउँहरू रहेका छन् । वडा कार्यालय भवनियापुर गाउँमा नै रहेको छ । वडा कार्यालयको पूर्वतर्फ भगवतीपुर गाउँ रहेको छ । दक्षिणतर्फ बनघुस्री र नारायणपुर गाउँ रहेका छन् । उत्तरतर्फ नवलपुर, बैसा र गल्राबास गाउँ रहेको छ । पश्चिमतर्फ बेलासपुर, सिसुवा, सिनावास, खैरहनी, साइपुर र जंगपुर बस्ती रहेको छ । काम परेको बेला एक गाउँका

मानिस अर्को गाउँमा आवतजावत गर्दछौं । एक अर्का गाउँको सम्बन्ध सुमधुर छ ।

### प्रश्नहरू

अ) वडा नं.३ मा कतिओटा गाउँटोलहरू रहेका छन् ?

.................................................................

आ) वडा कार्यालयको पूर्वमा पर्ने गाउँको नाम के हो ?

.................................................................

इ) वडा कार्यालयको पश्चिमपट्टि कुन कुन गाउँहरू रहेका छन् ?

.................................................................

ई) तपाईँको घर कुन वडामा पर्छ ?

.................................................................

उ) तपाईँको वडाकार्यालय कुन गाउँमा छ ?

.................................................................

ऊ) आफ्नो वडाभित्रका गाउँहरूको नाम लेख्नुहोस् ।

.................................................................

### ग) खाली ठाउँ भर्नुहोस् :

अ) मेरो गाउँको उत्तरमा ....... गाउँ पर्दछ ।

आ) मेरो गाउँको दक्षिणमा ....... गाउँ पर्दछ ।

इ) मेरो गाउँको पूर्वमा ....... गाउँ पर्दछ ।

ई) मेरो गाउँको पश्चिममा ....... गाउँ पर्दछ ।

# पाठ ३

## मेरा छिमेकी विद्यालय

### क) चित्र हेरी छलफल गरौँ :




अ) यो चित्र कुन विद्यालयको हो ?

आ) तपाईंको विद्यालयको नजिकमा रहेका छिमेकी विद्यालयहरूको नाम भन्नुहोस् ।

### ख) तलको संवाद पढौँ र उत्तर भनौँ :

इशिका : नमस्कार

पाहुना : नमस्कार तिम्रो नाम के हो ?

इशिका : इशिका ।

पाहुना : तिमी कुन विद्यालयमा पढछ्यौ ?

इशिका : श्री लक्ष्मी माध्यमिक विद्यालय मदुईमा पढ्छु ।

पाहुना : त्यहाँ कति कक्षा सम्म पढाइ हुन्छ ।

इशिका : कक्षा १२ सम्म पढाइ हुन्छ । यहाँ कक्षा ९ देखि वाली विज्ञान विषयको समेत पढाइ हुन्छ ।

पाहुना : तिम्रो विद्यालय वरिपरि कुन कुन विद्यालयहरू छन् ?

इशिका : पूर्वमा शहिद स्मारक आधारभूत विद्यालय खोरिया, पश्चिममा वेस्टर्न बागेश्वरी इ.मि. स्कुल मदुवा र जयदुर्गा आधारभुत विद्यालय मदुवा पर्दछन् ।

पाहुना : उत्तर र दक्षिणमा नि ?

इशिका : उत्तरमा जङ्गल र दक्षिणमा राप्ती नदी छ ।

पाहुना : ल नानी धेरै कुरा जानकारी दिएकोमा तिमीलाई धन्यवाद ।

प्रश्नहरू :

अ) तपाईंको विद्यालयको नाम के हो ?

.....................................................................

आ) तपाईंको विद्यालय वरिपरि कतिवटा विद्यालयहरू छन् ?

.....................................................................

इ) तपाईँको विद्यालय वरिपरि रहेका विद्यालयहरूको नाम लेख्नुहोस् ।

.................................................................

ई) तपाईँको विद्यालयको उत्तर र दक्षिणमा कतिवटा विद्यालय छन् ?

.................................................................

उ) तपाईँको विद्यालयको पूर्व र पश्चिममा कुन कुन विद्यालय छन् ?

.................................................................

पाठ ४

# हाम्रा स्थानीय बजार





मेरो घर नजिकको बजारको नाम शमशेरगंज बजार हो । यो बजार राप्तीसोनारी गाउँपालिकाको ८ नं. वडामा पर्दछ । यहाँ कपडा, खानेकुरा, घर बनाउने सामान र अरु दिनहुँ चाहिने सामानहरू किन्न पाइन्छ । आवश्यक परेका सामानहरू म पनि यहि बजारबाट किनमेल गर्छु । यो बजारमा मानिसको सधैँ भीड लाग्छ । यो बजार मेरो घर नजिकै पर्ने भएकोले यसलाई स्थानीय बजार भनिन्छ । यो बजारमा ठुला पसल र बैङकहरू पनि छन् ।

## क) पढौँ र उत्तर भनौँ :

अ) स्थानीय बजार भनेको के हो ?

.....................................................................

आ) बजारमा के के सामान किन्न पाइन्छ ?

..........................................................................

इ) तपाईँको वडाभित्र रहेका बजारका नाम के हुन् ?

..........................................................................

ख) तपाईँको बजारमा पाइने सामानहरूमा ठिक चिन्ह लगाऔँ :

| | | |
|---|---|---|
|  |  |  |
|  |  |  |

ग) खाली ठाउँ भरौँ :

अ) मेरो स्थानीय बजारको नाम..........हो ।

आ) धेरै पसल भएको ठाउँलाई ........... भनिन्छ ।

इ) घर नजिक भएको बजारलाई......... बजार भनिन्छ ।

ई) मेरो स्थानीय बजारमा मानिसहरूको............ लाग्छ ।

## पाठ ५

# मेरो वडाका खोलानाला, ताल र झरना



### क) पढौँ र उत्तर भनौँ :

मेरो नाम अनिता खुना हो । म राप्तीसोनारी गाउँपालिकाको वडा नं. १ को गाभर गाउँमा बस्छु । मेरो वडाभित्र धेरै खोलानाला, राप्ती नदी र खर्चे ताल रहेका छन् । यो ताल राप्ती नदीको पूर्वी किनारको जङ्गलमा रहेको छ । यस तालको लम्बाइ लगभग ६०० मिटर र चौडाइ ९० मिटर रहेको छ । यस वडामा पर्ने प्रमुख खोलाहरू शिवखोला, लौकी खोला, भारले खोला, ओज खोला, रानीगजरी खोला, खोचे खोला, भट्टी खोला, लुम्बा खोला आदि रहेका छन् । यी खोलाहरू उत्तरबाट दक्षिणतर्फ बगेर राप्ती नदीमा मिसिन्छन् । राप्ती नदीले यस वडालाई दुई भागमा विभाजित गरेको छ ।

### प्रश्नहरू

अ) खर्चे ताल कहाँ पर्छ ?

.............................................................................

आ) वडा नं. १ मा पर्ने कुनै दुईओटा खोलाको नाम लेख्नुहोस् ।

.............................................................................

इ) तपाईँको वडामा पर्ने खोलाहरूको नाम लेख्नुहोस् ।

.............................................................................

ई) तपाईँको वडामा झरना छ कि छैन ?

.............................................................................

उ) तपाईँको वडामा पर्ने तालको नाम लेख्नुहोस् ।

.............................................................................

## ख) खाली ठाउँ भरौँ :

अ) म............गाउँमा वस्छु ।


आ) मेरो वडामा ............... ताल पर्दछ ।


इ) खर्चे तालको लम्बाइ................छ ।

ई) वडा नं. १ लाई .............नदीले २ भागमा विभाजन गरेको छ ।

उ) तपाईँको वडामा ........... ओटा खोलाहरू छन् ।

ग) रङ भरौं :





## पाठ ६

# राप्तीसोनारी अस्पताल




### क) पढौँ र बुझौँ :

राप्तीसोनारी गाउँपालिकाको ४ नं. वडामा राप्तीसोनारी अस्पताल रहेको छ । यस अस्पतालमा यस वडाका मात्र नभएर अन्य वडाका मानिसहरूसमेत औषधि उपचार गराउन आउँछन् । यस अस्पतालमा डाक्टर र नर्सहरू रहेका छन् । यो अस्पताल बैजापुर गाउँको पश्चिम हुलाकी मार्ग छेउमा छ । यहाँ विभिन्न किसिमका सर्ने र नसर्ने रोगको उपचार, शल्यक्रिया, आँखा, रगत र दिशापिसाब जाँच समेत गरिन्छ । यो अस्पताल हाम्रो गाउँको नजीक भएकोले उपचार गराउन सहज भएको छ । यस बाहेक अन्य निजी मेडिकलहरूसमेत यस गाउँमा रहेका छन् ।

### प्रश्नहरू

अ) राप्तीसोनारी गाउँपालिकामा रहेको अस्पतालको नाम के हो ?

.................................................................

आ) तपाईं बिरामी हुँदा औषधि गर्न कहाँ जानुहुन्छ ?

.................................................................


इ) राप्तीसोनारी अस्पतालमा के के परीक्षण गरिन्छ ?

.................................................................

ई) तपाईंको वडामा औषधि उपचार गर्ने स्थानहरूको नाम लेख्नुहोस् ।

.................................................................

## ख) जोडा मिलाऔं :

| | |
|---|---|
| डाक्टर |  |
| नर्स |  |

| | |
|---|---|
| बिरामी |  |
| कुचिकार |  |

ग) अस्पतालमा हुने व्यक्ति चिनेर मात्र ठिक चिन्ह लगाऔँ :

अ) डाक्टर ☐

आ) नर्स ☐

इ) शिक्षक ☐

ई) कुचिकार ☐

उ) एम्बुलेन्स ☐

# एकाइ २

# हाम्रा सम्पदा र संस्कृतिहरू









# पाठ ७

## हाम्रा धार्मिक स्थलहरू

### क) हेरौँ र छलफल गरौँ :






अ) चित्रमा कुन कुन धार्मिक स्थलहरू देख्नुभयो ?

आ) माथिका धार्मिक स्थलहरू कुन स्थानमा रहेका छन् ?

### ख) तलको संवाद पढौँ र बुझौँ :

दोर्जे : कविता तिमी पूजा गर्न कहाँ जान्छ्यौ ?

कविता : म त पूजा गर्न मन्दिरमा जान्छु । दोर्जे, तिमी नि ?

दोर्जे : म त बाबासँग गुम्वामा जान्छु अनि सलमान र सविता कहाँ कहाँ जान्छन् ?

सलमान : म त मुस्लिम । नमाज पढ्न मस्जिदमा जान्छु ।

सविता : म चर्चमा प्रार्थना गर्छु ।

दोर्जे : त्यसो भए, पूजा र प्रार्थना गर्ने ठाउँ फरक फरक भए भगवान पनि फरक फरक हुन्छन् नि ?

सलमान : हैन, तिम्रो बुझाइ फरक रहेछ । जहाँ प्रार्थना र पूजा गरे पनि भगवान एउटै हुन् । नाम र पुकार गर्ने शब्द मात्र फरक हो ।

सविता : सही भन्यौ, सलमान तिमीले ।

कविता : हो हो सलमानको कुरा ठिक हो ।

दोर्जे : बुझेँ, बुझेँ । मेरो आँखाको पट्टी खुल्यो अब ।

ग) आफ्नो वडाभित्र रहेका धार्मिक स्थलहरूको नाम तालिकामा भरौँ :

| क्र.सं. | धार्मिक स्थलको नाम | वडा र टोल |
|---|---|---|
| १. | | |
| २. | | |
| ३. | | |

| | | |
|---|---|---|
| ४. | | |
| ५. | | |

घ) गीत गाऔँ र रमाऔँ :

पूजा गर्ने पुजारी
मन्दिरमा जान्छन् ।
नमाज पढ्ने मौलाना
मस्जिदमा पस्छन् ।
बुद्धम् शरम् गर्नलाई
स्तुपमा धाउँछन् ।
प्रार्थना गराउने पादरी
चर्चमा लान्छन् ।

# पाठ ८

## हाम्रा नृत्यहरू

### क) पढौं, बुझौं र जवाफ लेखौं :

मेरो नाम जीवराज शर्मा हो । म राप्तीसोनारी गाउँपालिका वडा नं. ४ मा वस्छु । मेरो समुदायमा ब्राहमण, क्षेत्री, मगर, थारु, दलित, मुस्लिम, मधेशी आदि मिश्रित जातजातिहरूको बसोबास रहेको छ । ती जातजातिहरूको आआफ्नै कला संस्कृति रहेका छन् । सोरठी नाच, सिँगारू नाच, झाँप्रे नाच, तिज नाच, मयूर नाच यहाँका ब्राहमण, क्षेत्री र मगर समुदायका मानिसहरूले नाच्छन् भने सखिया नाच, मघौटा नाच, हुरदुङगा नाच, सीताहरण नाच, महुतिया नाच आदि थारू समुदायका मानिसहरूले विशेष पर्वमा नाच्छन् । त्यसैगरी मुस्लिम, मधेशी समुदायमा नौटङ्की नाच बढी लोकप्रिय रहेको छ । यस प्रकारका विभिन्न नाचहरूले हरेक समुदायका मानिसहरूको चिनारी एवम् पहिचान गराउँदछन् ।

अ) तपाइँ कुन वडा र टोलमा बस्नु हुन्छ ?

उत्तर:...................................................

आ) तपाईंको टोलमा कुन कुन नाच नाच्छन् ?

उत्तर:...................................................

इ) तपाईंलाई मनपर्ने नाचको नाम लेख्नुहोस् ।

उत्तरः.................................................

### ख) नाचमा प्रयोग हुने बाजाहरूसँग जोडा मिलाऔं :

<u>सामान</u> <u>चित्र</u>



मादल



मन्जिरा



दमाह



सनाही



बाँसुरी

### ग) गीत गाऔं :

भाइले गीत गाउने

सानी बैनी नाच्ने ।

मैले मादल बजाउने

सबै मिली रमाउने ।

ढिङ् ढिङ् डि जे बज्यो
मलाई नाच्न बोलायो ।
नचाई नचाई थकाइ लगायो
लोकगीत जति घाममा सुकायो ।

# पाठ ९

## जातजाति र चाडपर्व

| | |
|---|---|
|  |  |
|  |  |

### क) तलको चित्र हेरेर छलफल गरौँ :

अ) माथिको चित्रमा कुनकुन जातजातिहरू छन् ?

### ख) संवाद पढौँ र बुझौँ :

सविना : भन त पविता । तिमीलाई मनपर्ने पर्व कुन हो ?
पविता : मलाई मन पर्ने पर्व तिहार हो । अनि तिमीलाई नि ?
सविना : ए, हो र मलाई त माघी मन पर्छ ।
पविता : किन ?

सविना : माघ १ गते माघीमा ढिक्री, मासु, गञ्जी पकाउँछौ अनि घर घरमा नाचगान गरेर रमाउँछौं । हाम्रो नाच र माघीमेला हेर्न आउनु है ।

पविता : माघीमा के के गर्छौ ?

सविना : माघी मेला हेर्न जान्छु । मेलामा नाचहरू हेर्छु । आहा ! कति मज्जा हुन्छ । तिमीलाई तिहार किन मन पर्छ नि ?

पविता : तिहारमा झलमल दियो बाल्छौं ।

सविना : अरु के के गर्छौ ?

पविता : फिनी रोटी, सेल रोटी, सिन्कामारी, अनरसा, डब्बी रोटी, खुर्मा, नमकीन पकाउँछौं । थरीथरीका फलफूल र मिठाइ खान्छौँ । देउसी भैलो खेल्छौँ ।

सविना : देउसी भैलो खेल्दैनौ ?

पविता : किन नखेल्नु ? तिहारको रमाइलो नै त्यहीं हो । अनि भाइटिकाको दिन दिदीबैनीहरूले दाजुभाइहरूलाई सप्तरङगी टीका र सयपत्री फूलको माला लगाइदिएर खुसी साटासाट गर्छौं ।

सविना : गजब रमाइलो हुन्छ नि ।

पविता : तिहारमा देउसी भैलो खेल्न आउनु है ।

## ग) तलका प्रश्नहरूको उत्तर लेखौं :

अ) तपाईंको वडामा कुनकुन जातजातिका मानिसहरू बस्छन् ?

उत्तरः.....................................................

आ) तपाईंका वडामा मनाउने पर्वहरूको नाम लेख्नुहोस् ।

उत्तरः..........................        ..........................

................................        ..........................

................................        ..........................

................................        ..........................

इ) तपाईँलाई मनपर्ने पर्वको नाम लेख्नुहोस् ।

उत्तरः........................................................

## घ) धर्सा तानेर जोडा मिलाऔँ :

| पर्व | जात |
|---|---|
| गुरिया | इसाई |
| रक्षाबन्धन | थारू |
| तिज | मधेशी |
| ताजिया | खस आर्य |
| किसमस डे | मुस्लिम |

# एकाइ ३

# हाम्रो पेसा, व्यवसाय र प्रविधिहरू








पाठ १०

# हाम्रा छिमेकीको पेसा, व्यवसाय

## क) पढौँ र बुझौँ :



मेरो नाम युवीन हो । मेरो छिमेकीको नाम आशिष हो । उनका बुवा डाक्टर पेसा गर्नुहुन्छ । उहाँले राप्ती सोनारी वडा नं. ९ ढकेरी स्वास्थ्यचौकीमा काम गर्नुहुन्छ । गाउँघरमा बिरामी हुँदा हत्तपत्त उहाँलाइ बोलाउने गर्दछन् ।



अर्को छिमेकी मदनका काका बाख्रापालन व्यवसाय गर्नुहुन्छ । उहाँले ५०-६० वटा बाख्रापालन गर्नुभएको छ । यही पेशावाट बर्षमा दुई तीनलाख जति कमाई गर्नुहुन्छ । उहाँको आफ्नै कमाइले बजारमा घडेरी किनेर ठुलो घर बनाउनु भएको छ । उक्त घरमा छिमेकी अन्टीले तरकारी पसल गर्नुभएको छ ।

## ख) छलफल गरौँ:

अ) आशिषका बुवा के पेसा गर्नुहुन्छ ?

.......................................................................................

आ) बजारमा तरकारी पसल कसले गर्दछ ?

.......................................................................................

इ) मदनका काका के व्यवसाय गर्नुहुन्छ ?

.......................................................................................

## ग) आफ्नो छिमेकीको पेसा व्यवसाय लेखौँ :

मेरो छिमेकीले आरणको काम गर्नुहुन्छ । उहाँको घर राप्तीसोनारी गाउँपालिकाको वडा नं. ९ मा पर्दछ ।

मेरो छिमेकीले ..........काम गर्नुहुन्छ । उहाँको घर राप्तीसोनारी गाउँपालिकाको वडा नं. .......मा पर्दछ ।

मेरो छिमेकीले ............काम गर्नुहुन्छ । उहाँको घर राप्तीसोनारी गाउँपालिकाको वडा नं........ मा पर्दछ ।

मेरो छिमेकीले...........काम गर्नुहुन्छ । उहाँको घर राप्तीसोनारी गाउँपालिकाको वडा नं...... मा पर्दछ ।

घ) गीत गाऔँ :

छिमेकीमा गर्नुहुन्छ कृषी पेसा हेर

नजिकैको बजार बेच्छन् गाको छैन खेर ।

भैंसी पालन व्यवसाय गर्दै आछन् गाउँमा

घाँस मेसीन अनुदान आउँछ उनकै नाउँमा ।

ङ) कथा पढौँ :

हरि र राम बाख्रापालन व्यवसाय गर्थे । एक दिनको कुरा हो, उनीहरू जङ्गलमा घाँस लिन गए । उनीहरू जङ्गलका जनावरदेखि साह्रै डराउँथे । दुवैजना कुरा गर्दै गर्दा घना जङ्गलमा पसे । जाँदै गर्दा जङ्गलबाट अनौठो आवाज आएको सुने । दुवैले डराएर एक अर्कालाई हेरे । एकैछिनमा अलि परबाट एउटा भालु आफैं भएतिर आइरहेको देखे । दुवै जना डरले काम्न लागे । त्यसपछि हरिले रामलाई रुखमा चढौँ भन्यो तर रामले रुखमा चढ्न नसक्ने बतायो ।



रामले रुखमा चढ्न हरिको सहयोग माग्यो । हरिले रामको कुरै

नसुनी आफूमात्र रुखमा चढ्यो । भालु झन्झन् नजिक आइरहेको थियो यो देखि रामले पनि जुक्ति लगायो । मरेको मानिस जस्तो गरी भुइँमा पल्टियो । भालुले पनि नजिक आइ रामलाई सुँघेर मात्र गयो । त्यसपछि हरि रुखबाट तलझरि भालुले तेरो कानमा के भन्यो ? भनी सोध्यो । रामले जसले अप्ठेरोमा साथ छोड्छ उसलाई कहिल्यै भरोसा नगर्नु भनेर गयो भन्ने जवाफ दियो ।

च) उत्तर भनौँ :

अ) तपाईंको परिवारको पेसा व्यवसाय के हो ?

..........................................................................

आ) के तपाईंले व्यवसाय गर्दा कुनै समस्या भोग्नु भएको छ ?

..........................................................................

छ) आफ्नो परिवार, छिमेकी र आफन्तको पेसा व्यवसाय बताउँदै आपसमा बल पास गर्ने खेल खेल्नुहोस् ।



# पाठ ११

## हाम्रा बेमौसमी बालीनाली

क)  हेरौँ, छलफल गरौँ  :

| | |
|---|---|
|  |  |
|  |  |
|  |  |

अ) तपाईँको घर वा समुदायमा खेती गरिने बेमौसमी बालीनाली के के हुन् ? साथीसँग छलफल गर्नुहोस् ।

## ख) जोडा मिलाऔँ :

बोडी



काँक्रो






मुला



रायो साग



भिन्डी



टमाटर



मकै


ग) आफ्नो घर वा समुदायमा खेती गरिने बेमौसमी बालीनालीहरूको नाम लेखौँ :

अ)............................आ)............................

इ)............................ई)............................

उ)............................

घ) हेरौँ र पढौँ :



हामी बेमौसमी बाली हौँ । हामीलाई मौसमी उत्पादनको समयभन्दा अघि वा पछि उत्पादन गरिन्छ । बेमौसमी बाली नालीमा हामी बोडी, मकै, माटर, काँक्रो, भिन्डी आदि पर्दछौँ । हाम्रो राप्तीसोनारी गाउँपालिकाभित्र हरिहरपुर, ओभरी, मदुई, बैजापुर, फत्तेपुर, बिनौना, कुसुम लगायतका ठाउँमा व्यवसायिक तरिकाले हाम्रो उत्पादन गरिन्छ । हामीलाई धेरैजसो मानिसहरूले आफ्नो घरघरमा पनि उत्पादन गर्ने गर्दछन् । हाम्रो धेरै उत्पादन गरेर बेच्ने




किसानहरूलाई प्रशस्त आर्थिक लाभ हुन्छ । त्यसैले बेमौसमी खेती गर्ने प्रचलन बढ्दै गएको छ ।

## ङ) छलफल गरौँ :

अ) तपाईंले कुन-कुन बेमौसमी बालीनाली खानुभएको छ ?

आ तपाईँलाई मनपर्ने बेमौसमी बालीनाली के के हुन् ?

## च) चित्र हेरी रङ भरौँ :



# पाठ १२

## हाम्रा स्थानीय अन्नबाली

### क) हेरौँ र पढौँ :






हाम्रो वरपर विभिन्न प्रकारका अन्नबालीहरू पाईन्छन् । जस्तै धान, मकै, गहुँ, जौं आदी । धानबाट चामल बन्छ । चामलबाट भात, पुलाउ, खीर, पुवा, चिउरा जस्ता विभिन्न प्रकारका परिकारहरू बन्दछन् । हामीले भात पकाउँदा चामललाई धेरै बेरसम्म पखाल्नु हुँदैन । हामीले काँचो र नपाकेको खानेकुराहरू खानुहुँदैन । यस्तो खानेकुरा खाएमा स्वास्थ्यलाई नकारात्मक असर गर्दछ । त्यस्तै गरी मकै, गहुँ, जौंबाट पिठो र दलिया बन्दछ । पिठोबाट पनि हलुवा, रोटी, सातु, परौठा आदि विभिन्न परिकारहरू बन्दछन् । यस्ता विभिन्न परिकारहरूबाट शरिरलाई शक्ति प्राप्त हुन्छ ।

### ख) आफ्नो गाउँमा पाईने अन्नबालीहरूको नाम लेखौं :

..........................................................................

...............................................................

....................................................................

....................................................................

### ग) कुराकानी गरौं :

रितु : सुन त रीना, आज मिसले विद्यालयमा के सिकाउनु भयो ?

रिना : ए, आज विद्यालयमा एकाइ ३ अन्तर्गत हाम्रा अन्नबाली भन्ने पाठको विषयमा छलफल गराउनु भयो ।

रितु : यस विषयमा तिमीले सिकेका कुरा केही बताउन सक्छ्यौ ?

रिना : हुन्छ नि, ल सुन, हाम्रो वरपर विभिन्न प्रकारका खानेकुराहरू पाईन्छन् जसले शरिरलाई स्वस्थ बनाउन मद्दत गर्दछन् तिनलाई नै अन्नबाली भनिन्छ ।

रितु : ए उसो भए त धान, मकै हाम्रा अन्नबाली हुन् त ?

रिना : हो नी रितु अरुपनि छन् जस्तै धान, मकै, गहुँ र जौं आदी हुन् जो हाम्रो शरिरका लागि फाईदाजनक हुन्छन् ।

रितु : यिनीहरूबाट के-कस्ता परिकारहरू बनाउँछन् नि ?

रिना : मकै, गहुँ, जौं र धानबाट चामल, पिठो र पिठोबाट विभिन्न मिठा मिठा परिकारहरू बनाउन सकिन्छ जसले मानिसको शरिरमा शक्ति प्राप्त हुन्छ ।

रितु : हवस्, धन्यवाद रीना ।

रिना : धन्यवाद ।

## घ) जोडा मिलाऔँ :

| | |
|---|---|
| मकै |  |
| धान |  |
| गहुँ |  |
| जौं |  |

## ङ) बन्ने परिकारहरूको नाम लेखौँ :

धानबाट बन्ने परिकारहरू

..........................

..............................

मकैबाट बन्ने परिकारहरू

..............................

..............................

गहुँबाट बन्ने परिकारहरू

..............................

..............................

जौँबाट बन्ने परिकारहरू

..............................

..............................

च) चित्र हेरी ठिक चिन्ह (√) लगाऔँ :

| | |
|---|---|
|  |  |
| खाएको छु ☐ खाएको छैन ☐ | खाएको छु ☐ खाएको छैन ☐ |

| | |
|---|---|
|  |  |
| खाएको छु ☐ खाएको छैन ☐ | खाएको छु ☐ खाएको छैन ☐ |
|  |  |
| खाएको छु ☐ खाएको छैन ☐ | खाएको छु ☐ खाएको छैन ☐ |

## छ) छलफल गरौँ :

अ) तपाईंले आज के के खानु भयो ?

आ) के तपाईंहरूले पोलेको मकै खानुभएको छ ?

इ) भात खाएमा शरीरलाई के प्राप्त हुन्छ ?

ई) धान पाकेपछी कस्तो रङको हुन्छ ?

उ) के तपाईंहरूलाई गहुँको रोटी मनपर्छ ?

# पाठ १३

## हाम्रा स्थानीय तरकारी

### क) हेरौँ र चिनौँ :








अ) माथिको चित्रमा भएका तरकारी बालीहरू कुन-कुन हुन् ?

## ख) पढौँ र बुझौँ :



हामी हरिया र पोसिला तरकारी हौँ । हामीलाई मानिसहरूले दैनिक रूपमा खाने गर्दछन् । हामी सबैको फरक-फरक स्वाद हुन्छ । हामी मानिसहरूलाई आवश्यक पर्ने विभिन्न प्रकारका भिटामिनहरू दिन्छौँ ।

हामीलाई सबैले आ-आफ्नो घरमा उत्पादन गर्छन् । राप्तीसोनारी गाउँपालिका भित्रका ओभरी, वैजापुर, हरिहरपुर, मदुई लगायतका ठाउँमा हाम्रो उत्पादन बढी गरिन्छ ।






### ग) छलफल गरौं :

अ) तपाईंलाई मनपर्ने तरकारीहरू के-के हुन् ?

आ) तपाईंको घरमा कुन-कुन तरकारी उत्पादन गर्नुहुन्छ ?

## घ) जोडा मिलाऔँ :

काँक्रा



मुला



घिरौंला



बन्दागोभी



गाजर



करेला





## ङ) गीत गाऔँ :



आलु, मटर, काउली खाऔँ

बोडी, भिन्डी, गाजरमै रमाऔँ ।

तरकारी खाई स्वस्थ बनौँ

रोगसँग लड्ने शक्ति बढाऔँ ।



बन्दा, भान्टा, करेला खाऔँ

लौका, फर्सी, घिरौला फलाऔँ ।

सागपातबाट भिटामिन पाऔँ

आफ्ना आँखाको तेज बढाऔँ ।

च) आफूले खाने गरेका तरकारीहरूको नाम लेखौं :

अ)आलु

आ) .............

इ) .............


ई) .............


उ) .............

ऊ) .............



छ) चित्र पूरा गरी रङ भरौं :





# पाठ १४

## हाम्रा उत्पादन र बजार

### क) पढौँ र छलफल गरौँ :





उत्पादन गरिएका मौसमी तथा बेमौसमी अन्नबाली र तरकारीहरूको बिक्रीवितरणका लागि खोलिएका पसल तथा स्थानहरूलाई स्थानीय बजार भनिन्छ । यसबाट आफ्नो घरमा उत्पादन गरिएका अन्नबाली, फलफूल र

तरकारीहरूको बिक्री गरी आम्दानी प्राप्त हुन्छ । यसरी प्राप्तभएको आम्दानीलाई हामीहरूले हाम्रा विभिन्न आवश्यकताहरू पुरा गर्न प्रयोग गर्न सक्दछौँ । स्थानीय बजारमा भएको व्यापारले हाम्रो घर, छरछिमेक तथा स्थानीयस्तरमा उत्पादित वस्तुहरू खेर नजाने र आम्दानी पनि हुने गर्दछ ।

## प्रश्नहरू :

अ) के तपाईंको घर वरपर स्थानीय बजार छ ?

आ) स्थानीय बजारमा के-के को किनमेल हुन्छ ?

इ) स्थानीय बजारबाट तपाईं र तपाईंको घर छिमेकमा के फाईदा भएको छ ?

ई) तपाईंको घरमा उत्पादन हुने र स्थानीय बजारमा बिक्री गरिने अन्नबाली, फलफुल र तरकारीहरूको नाम लेख्नुहोस् ।

.............  .............  ...........................

.............  ........................................

ख) पढौँ र बुझौँ :



मेरो नाम प्रतिक सुवेदी हो । म कक्षा २ मा पढ्छु । मेरो घर राप्तीसोनारी वडा नं. २ मा पर्दछ । मेरो घरमा बुवाआमा र भाइ अनि म बस्छौँ । मेरो बुवा यस क्षेत्रको सफल व्यापारी हुनुहुन्छ । उहाँको नाम प्रमोद सुवेदी हो । उहाँले अहिले खेर गईरहेको जग्गामा आधुनिक प्रविधिको प्रयोग गरी मौसमी र बेमौसमी तरकारी खेती गरी मासिक १,००,००० ।- (एक लाख) जती आम्दानी गर्नुहुन्छ । अहिले उहाँले गाउँमा उपलब्ध बेरोजगार मानिसहरूलाई पनि रोजगार प्रदान गरी युवाहरूलाई विदेशिनबाट रोक्नु भएको छ । उहाँको यो सफलताको कथा विभिन्न पत्रपत्रिका तथा टेलीभिजनमा समेत प्रसारण भईसकेको छ ।

## ग) उत्तर लेखौँ :

अ) प्रतिक कति कक्षामा पढ्छन् ?

.......................................................

आ) प्रतिकका बुवाले के व्यवसाय गर्नुहुन्छ ?

.......................................................

इ) तपाईंको घर छिमेकमा यस्तो व्यवसाय गर्ने कोही हुनुहुन्छ ?

.......................................................

ई) तपाईंको अभिभावकले कुन व्यवसाय गर्नुहुन्छ ?

.......................................................

# एकाइ ४

# खुसीका लागि शिक्षा र जीवनोपयोगी सिप











पाठ १५


# आनीबानी र स्वभाव

## क) हेरौँ र छलफल गरौँ :









अ) चित्रमा के के देख्नु भयो ?

आ) तपाईँलाई चित्रमा देखेकामध्ये कुन बानी मन पर्‍यो र कुन बानी मन परेन ?

## ख) पढौं बुझौं र जवाफ लेखौँ :

प्रवेशको मामा घर पल्लो गाउँमा पर्छ । मामाघर नजिकै भए पनि उनी मामाघर जान त्यत्ति मन गर्दैनन् । गए पनि मामा नभएको बेला मात्र जान्छन् । मामाको रक्सी खाएर माइजूसँग झगडा गर्ने बानी छ । माइजू भने उनलाई औधी मन पर्छ । माइजू मीठो बोल्नु हुन्छ र उनलाई मन पर्ने खाने कुरा सोधी सोधी खान दिनु हुन्छ । प्रवेशलाई माइजूले गाई दोएको हेरिरहन मन लाग्छ । उहाँको गाईको दुध मिठो हुन्छ । प्रवेशलाई माइजूले गाईको दुध थपी थपी खान दिनु हुन्छ ।



(अ) प्रवेश मामा घर कहिले जान्छन्?

... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... .

(आ) प्रवेशलाई मामा मन नपर्ने कारण के हो ?

... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... .

(इ) प्रवेशले माइजूलाई औधी मन पराउनुको कारण के हो ?

... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

**ग) आफूलाई मन पर्ने बानी र स्वभावमा ठीक चिन्ह (√) र मन नपर्ने बानी र स्वभावमा बेठीक चिन्ह (×) लगाऔँ :**

| | |
|---|---|
| तपाईँको समस्या नबुझ्ने स्वभावको मानिस | |

| | |
|---|---|
| तपाईँलाई माया गरेर मीठा मीठा कुरा गर्ने मानिस | |
| तपाईँको कुरा नसुनेर आफ्ना मात्र कुरा सुनाउने मानिस | |
| तपाईँले नजानेको कुरालाई सिकाउने मानिस | |
| तपाईँले नजानेर गल्ती गर्दा गाली गर्ने मानिस | |
| तपाईँसँग खानेकुरा एक आपसमा बाँडेर खाने मानिस | |
| तपाईँलाई घरमा समय दिएर कुरा गर्ने मानिस | |
| तपाईँले केही कुरा सोध्दा रिसाउने मानिस | |

**घ) तलको तालिकामा आफ्नो मन पर्ने नातेदार र मन पर्ने बानी लेखौँ :**

| मन पर्ने नातेदार | मन पर्ने स्वभाव |
|---|---|
| | |
| | |
| | |
| | |

पाठ १६

# खुसी हुने कला

## क) पढौं, बुझौं र अनुशरण गरौं :



आर्यनलाई उसका साथीहरू कसैले पनि मन पराउँदैनन् । उसले साथीहरूलाई मनपर्ने काम गर्दैन । बरु उनीहरूलाई सताउने र दु:ख दिने काम मात्र गर्दछ । एक दिन बाटोमा एक्लै हिंडिरहेको बेला आफ्नो बानी र स्वभावको बारेमा आफैले सोचविचार गर्दछ । आफ्नो बानी र स्वभाव सम्झेर आफैलाई कुट्न र आफैलाई थुक्न मन लाग्छ । त्यसै दिनदेखि उसलाई अब यस्तो काम गर्नु हुँदैन भन्ने मनमा आउँछ । मनलाई दरिलो बनाउँदै अब त्यस्तो खराब बानीहरू छोड्ने प्रतिबद्धता गर्दछ ।

उसले साथीहरूलाई सताउने र दु:ख दिने बानी छोडेपछि उसलाई साथीहरूले पनि मन पराउन थाल्छन् । अब त आर्यनको बानीमा सुधार आयो भनेर सबैले प्रशंसा गर्छन् । उसलाई देखेर सबै खुसी हुन्छन् । ऊ पनि सबैलाई देखेर खुसी हुन्छ । आर्यनलाई बोध भयो कि राम्रो काम गरेर अरुलाई खुसी बनाउन सकियो भने आफू पनि खुसी हुन सकिदो रहेछ ।

अ) आर्यनका साथीहरूले पहिले उसलाई किन मन पराउँदैनथे ?

आ) अहिले आर्यनका साथीहरूले उसलाई किन मन पराउँछन् ?

इ) खराब बानी छोडेर असल हुन के गर्नुपर्दो रहेछ ?

ख) तपाईँसँग साथीहरूलाई मन नपर्ने बानी र स्वभाव के के छन् ? साथीहरूलाई सोधेर अब उक्त बानी र स्वभाव छोड्ने प्रतिबद्धता सबैको सामू गर्नुहोस् । छोड्ने भनेका उक्त बानी र स्वभावहरूलाई तलको तालिकामा लेख्नुहोस् ।

| क्र. सं. | छोड्ने बानी र स्वभावहरू | तपाईँको दस्तखत |
| --- | --- | --- |
| १. | | |
| २. | | |
| ३. | | |
| ४. | | |
| ५. | | |

ग) माथिका खराब बानी र स्वभावहरू छोडेर खुसी हुन के कस्ता असल बानी र स्वभावहरू अनुशरण गर्नुहुन्छ ? तलको तालिकामा लेख्नुहोस् ।

| क्र. सं. | अनुशरण गर्ने बानी र स्वभावहरू | तपाईँको दस्तखत |
| --- | --- | --- |
| १. | | |
| २. | | |
| ३. | | |
| ४. | | |
| ५. | | |

शिक्षकलाई अनुरोध: विभिन्न दृष्टान्तहरू दिएर विद्यार्थीहरूलाई उनीहरूसँग भएका खराव बानी छोड्न र असल बानी अनुशरण गर्न प्रेरित गर्ने। उदाहरणको रुपमा भन्नुपर्दा विद्यार्थीले छोड्नु पर्नेमा अरुलाई गाली गर्ने बानी छोड्ने भनेर लेखेपछि अनुशरण गर्ने बानीमा अरुसँग खुसी भएर मिठो कुरा गर्ने हुन सक्छ।

# पाठ १७

# गीत, सङ्गीत र नृत्य

## क) हेरौँ र छलफल गरौँ :









अ) चित्रमा के के देख्नु भयो ?

आ) मानिसहरू नाच्ने गाउने र बाद्ययन्त्रहरू बजाउने काम किन गर्छन् होला ?


इ) माथिका मध्ये कुन काममा तपाईँलाई अलि बढी रुचि छ ?



## ख) सुनौँ, बुझौँ र अभ्यास गरौँ :

आशाको घर सधैं सङ्गीतमय हुन्छ । परिवारका सबै सदस्यहरूलाई गीत, सङ्गीत र नृत्यमा रुचि मात्र नभइ नाँच्न, गाउन र बजाउन पनि आउँछ । आशाको बाबाले मादल, बाँसुरी र हार्मोनियम बजाउनु हुन्छ । आशाकी आमाले विभिन्न भाकाका नयाँ-पुराना गीत गाउनु हुन्छ । स्वर पनि मीठो छ । आशा र आशाको भाइ अरुण नाचेर कहिल्यै थाक्दैनन् । नाच्दानाच्दै नाच्न पनि सिपालु भइसकेका छन् ।

सबै काम भ्याएर बेलुका सुत्नु अघि आशाको घरका मानिसहरू सधैं गीत, सङ्गीत र नृत्यमा रमाएका हुन्छन् । मानिस स्वस्थ र खुसी हुन गीत, सङ्गीत र नृत्य पनि महत्वपूर्ण साधन हो । त्यसैले पनि होला आशाको परिवारका सबै सदस्यहरू स्वस्थ र खुसी छन् ।



अ) आशाको परिवार कसरी खुसी र स्वस्थ छ ?

... ... ... ... ... ... ... ... ... ... ... ..

आ) हाम्रो परिवारलाई खुसी र स्वस्थ बनाउन हामीले के गर्नुपर्छ ?

... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

## ख) गीत गाउँदै नाचौँ :

राम्रो र नराम्रो कुरा सबैसँग हुन्छ,

तिमी जसमा आँखा लाउँछौ त्यसैले मन छुन्छ ।

तिम्रो मनमा खराब भए खराब देख्छौ बाहिर,

तिम्रो मनमा असल भए असल देख्छौ बाहिर ।

असल र खराब कुरा सबैसँग हुन्छ,

तिमी जसमा आँखा लाउँछौ... ... ।

राम्रो देखौँ, राम्रो सुनौँ, राम्रै काम गरौँ,

बादल हटाई यो मनभरि उज्यालो घाम भरौँ ।

यो जगतमा उज्योलो छ अँध्यारो नि हुन्छ,

तिमी जसमा आँखा लाउँछौ ... ... ।





### ग) खाली ठाउँमा उपयुक्त शब्द लेखौँ :

अ) मानिस स्वस्थ र खुसी हुन .........., सङ्गीत र नृत्य पनि एउटा महत्वपूर्ण साधन हो ।

आ) राम्रो र नराम्रो कुरा ... ... ... ... हुन्छ ।

इ) तिमी जसमा ... ... ...लाउछौ त्यसैले मन छुन्छ ।

ई) ... ... हटाई यो मनभरि उज्यालो घाम भरौँ ।

**शिक्षकका निम्ति अनुरोध :** जीवनमा गीत र सङ्गीतको महत्व बताउँदै मोबाइल, कम्प्युटर र साउण्ड प्रविधिको सहयोगले विद्यार्थीहरूलाई उनीहरूको मनपर्ने गीत गाउन र मनपर्ने गीतमा नाच्न प्रेरित गर्ने ।

विद्यार्थीहरूलाई गीत गाउन, नाच्न र बाजा बजाउन सिक्नका लागि शिक्षकले सकेमा आफैले र नसकेमा अन्य शिक्षक र स्थानीय विज्ञलाई आमन्त्रण गरेर विद्यार्थीहरूलाई उनीहरूको रुचिअनुसार सिक्नका लागि सहजीकरण गर्ने ।

पाठ १८

# मेला र चाडपर्वमा गरिने क्रियाकलापहरू

## क) हेरौँ र छलफल गरौँ :









अ) माथिका चित्रहरू हेरेर कुन कुन मेला र चाडपर्वहरू सम्झनु भयो ?

आ) तपाईँलाई मेलामा जान के कारणले रहर लाग्छ ?

इ) तपाईँलाई सबैभन्दा मनपर्ने चाड कुन हो र मनपर्ने कारण के हो ?

ई) मेला र चाडपर्वमा तपाईँलाई मन नपर्ने पनि केही छन् कि ?

## ख) पढौँ, सुनौँ र प्रश्नको जवाफ भनौँ :

**राम :** तिमीलाई थाहा छ सीता ? टिकुलीपुरको डिग्रे मेला लाग्ने दिन भोलि हो नि ? तिमी र म पोहोर जस्तै सँगै जाने ल ? साथमा आमाहरू पनि भइहाल्नु हुन्छ ।

**सीता :** थाहा त छ तर म त जान्न होला राम । किनभने बाबा घरमा हुनुहुन्न । आमाले पैसा छैन भन्नुहुन्छ ।

**राम :** तिमी पीर नगर सीता । मैले आमासँग पैसा मागिसकेको छु । पोहोर साल पनि मसँग थिएन । तिमीले दिएको त हो नि ।

**सीता :** त्यसो भए ठीकै छ त । तर, यसपटक सबेरै गएर सबेरै फर्किनु पर्छ नि ? पोहोर साल घर फर्किदा आवाराहरू भेटिएर ....

**राम :** थाहा छ । मनपर्ने खानेकुरा किनेर खाउँला । मनपर्ने खेल खेलौंला । नाच हेरौंला । त्यसपछि सबेरै घर फर्किउँला ।

**सीता :** म त जेरी खाने । पिङ खेल्ने । अनि मयुर नाच हेर्ने ।

**राम :** म पनि ठीक त्यही गर्ने । हाम्रो कुरा कस्तो मिलेको है ?

**सीता :** मिल्ने साथीको कुरा मिल्दैन त साथी ।

अ) राम र सीता जस्तै तपाईँका पनि मिल्ने साथीहरू भए नाम भन्नुहोस् ।

आ) तपाई मेलामा जानु भयो भने के के गर्नु हुन्छ भन्नुहोस् ।

इ) मेलामा गएको समयमा तपाईले भोगेका समस्याहरू भए भन्नुहोस् ।


## पाठ १९

# योग

### क) हेरौँ, भनौँ र अभ्यास गरौँ :









अ) माथिका चित्रहरू कुन कुन प्राणायाम र आसनहरूसँग सम्बन्धित छन् ?

आ) कक्षा १ मा सिकेका प्रणवर भस्त्रिका प्राणायामका साथै शशकासनको अभ्यास गर्नुहोस् ।

इ) आशन र प्राणायामहरूबाट हुने फाइदाहरूको बारेमा भन्नुहोस् ।

## ख) सिंहासन

### अ) हेरौँ र अभ्यास गरौँ :

योगेन्द्र नाम जस्तै काम गर्न पनि रुचाउँछन् । उनी सिंहासनका लागि समतल भुईमा आवश्यकता अनुसार कार्पेट वा दरी विछयाएर बज्रासनमा बस्छन् । घुँडा जतिसक्यो त्यत्ति फट्टाएर राख्छन् । दुई घुँडाको बीचमा दुई हातको हत्केलाका औंला आफूतिर फर्किनेगरी घोप्टो पार्छन् । दुबै हातलाई सिधा गरी मुख जति सकिन्छ खोल्छन् । जिब्रो बाहिर निकाल्छन् र आँखा खोलेर निधारतिर हेर्छन् । अनि नाकबाट श्वास लिएर मुखबाट आवाज निकाल्दै बिस्तारै बाहिर फ्याँक्छन् । यो कार्य आवश्यकता अनुसार पाँचदेखि दश पटकसम्म गर्छन् ।



योगेन्द्रलाई राम्रोसँग थाहा छ कि सिंहासन नाक, कान र घाँटीको समस्या भएकाहरूका लागि उपयोगी हुन्छ । नबुझिने गरी बोल्ने बालबालिकाका लागि यो आसनले फाइदा गर्छ । शरीरमा प्राणवायूको सञ्चार गर्न सहयोग गर्दछ । यसले मेरुदण्डलाई बलियो बनाउन, मुखको दुर्गन्ध हटाउन र श्वासप्रश्वाससम्बन्धी समस्या समाधान गर्न समेत सहयोग गर्दछ ।

**शिक्षकका निम्ति अनुरोध :** मोवाइलमा युटुव वा भिडियो क्लीप वा फोटो हेरेर सिंहासन गर्ने तरिकाको बारेमा बताउने । पहिले शिक्षकले अभ्यास गर्ने र विद्यार्थीहरूलाई सोही अनुसार गर्न लगाउने । शिक्षकले विद्यार्थीको अभ्यास अवलोकन गर्ने । यस आसनबाट हुने लाभको बारेमा छलफल गर्ने ।

# ग) गरुडासन

## अ) हेरौँ र अभ्यास गरौँ :



सागर पातलो शरीरका छन् । त्यसैकारण पनि उनलाई गरुडासन सजिलो लाग्छ । यो आसनका लागि सबभन्दा पहिले उनी सिधा उभिन्छन् । त्यसपछि चित्रमा देखाए झैँ बायाँ खुट्टाको तिघ्रामाथि दायाँ खुट्टाको तिघ्रालाई बेरेर राख्छन् । त्यसैगरी बायाँ हातको पाखुरामाथि दायाँ हातको पाखुरालाई बेरेर अनुहारको सिधा राख्छन् र हातका औंलाहरूलाई आकाशतिर फर्काउँछन् । यसरी बन्ने हातको आकृति गरुडको चुच्चो जस्तै र खुट्टाको आकृति पनि गरुडको खुट्टा जस्तै देखिन्छ । शरीरलाई सन्तुलन राख्न सक्दासम्म सागरले यो आसन गर्दछन् ।



सागर यो आसन नियमित रूपमा गरिरहन्छन् । उनलाई जानकारी छ कि, यो आसनले मन र शरीरलाई शान्ति दिन्छ । खुट्टा र हातलाई बलियो र स्वस्थ बनाउँछ । यसले अण्डाशय, मलाशय र मूत्राशयसम्बन्धी समस्यालाई समाधान गर्न सहयोग गर्दछ । यसका साथै हातखुट्टाका जोर्नीहरू बलियो बनाउँछ र कुहिनाको दुखाइ कम गर्न सहयोग गर्दछ ।

**शिक्षकका निम्ति अनुरोध :** चित्र वा मोवाइलमा युटुव वा भिडियो क्लीप हेरेर गरुडासन गर्ने तरिकाको बारेमा बताउने । यसका साथै भस्त्रिका प्राणायाम, प्रणव प्राणायाम र शशकासन बारे कक्षा १ मा उल्लेख भएअनुसार वा श्रव्यदृश्य सामग्री मार्फत अभ्यास गराउने । पहिले शिक्षकले अभ्यास

गर्ने र विद्यार्थीहरूलाई सोहीअनुसार गर्न लगाउने । शिक्षकले विद्यार्थीको अभ्यास अवलोकन गर्ने । आसनबाट हुने लाभको बारेमा पनि छलफल गर्ने ।

## घ) धर्सो तानेर जोडा मिलाऔँ :

| | |
|---|---|
| भस्त्रिका प्राणायाम | ओम उच्चारण गर्दै जति सक्यो लामो सास लिने र फ्याँक्ने |
| प्रणव प्राणायाम | बिस्तारै सास फ्याँक्दै कम्मरबाट झुकेर हत्केला र निधारले भुइँ छुने |
| गरुडासन | नाकको दुई प्वालबाट छिटो छिटो सास लिने र फ्याँक्ने |
| शशकासन | एउटा खुट्टा अर्को खुट्टामा र एउटा हात अर्को हातमा बेर्दै उभिने |
| सिंहासन | नाकबाट श्वास लिएर मुखबाट आवाज निकाल्दै बिस्तारै बाहिर फ्याँक्ने |

## ङ) खाली ठाउँमा शशकासन, गरुडासन, सिंहासन, भस्त्रिका प्राणायाम र प्रणव प्राणायाम मध्ये मिल्ने शब्द लेखौँ :

अ) ढाडको दुखाई कम गर्ने आशनको नाम ... ... ... ... हो ।

आ) फोक्सोलाई स्वस्छ बनाउने प्राणायामको नाम ... ... ... ... हो ।

इ) टाउकोको दुखाई कम गर्ने प्राणायामको नाम ... ... ... ... हो ।

ई) खुट्टा र हातलाई बलियो बनाउने आसनको नाम ... ... ... ... हो ।

उ) मुखको दुर्गन्ध हटाउने आसनको नाम ... ... ... ... हो ।

पाठ २०

## श्रमप्रतिको सम्मान

### क) हेरौँ र छलफल गरौँ :






अ) माथिको चित्रमा मानिसहरूले के के काम गरिरहेका छन् ?

आ) उनीहरूले गर्ने कामबाट हामीलाई के फाइदा भइरहेको छ ?

इ) मानिसले यसरी आआफ्नो काम नगरेको भए के हुन्थ्यो होला ?

ई) काम गर्ने मानिसलाई सम्मान गर्नु पर्ने खास कारण के हो ?

### ख) पढौँ, जवाफ लेखौँ र अनुशरण गरौँ ::

आभाषको गाउँटोल अरु गाउँटोल भन्दा फरक छ । त्यहाँका मानिसहरू मिहिनेती छन् । कसैले खेतबारीमा काम गर्छन् । कसैले अफिसमा काम गर्छन् । कसैले भैंसीपालन गर्छन् त कसैले गाईपालन गर्छन् । गाउँटोलमा आवश्यक पर्ने खाद्यान्न, तरकारी, फलफुल, माछामासु बाहिरबाट ल्याउन पर्दैन । सबै गाउँमै उत्पादन हुन्छ । अन्य काम गर्नेहरूले पनि फुर्सदमा कृषि कार्यमा सहयोग गर्दछन् । त्यो गाउँमा काम गर्ने मानिसहरूलाई सबैले सम्मान गर्छन् । सरकारले समेत कम ब्याजदरमा ऋण दिएर कृषि कार्य गर्ने मानिसहरूलाई सहयोग गरेको छ र राम्रो उत्पादन गर्ने मानिसहरूलाई पुरस्कृत समेत गरेको छ ।

अ) तपाईँलाई आभाषको गाउँको के के कुरा मन पऱ्यो ?

... ... ... ... ... ... ... ... ... ... ...

आ) तपाईँको गाउँ र आभाषको गाउँमा के फरक छ ?

... ... ... ... ... ... ... ... ... ... ...

इ) तपाईँको गाउँलाई आभासको गाउँजस्तै बनाउन के गर्नुपर्छ ?

... ... ... ... ... ... ... ... ... ... ...

शिक्षकका निम्ति अनुरोध : विद्यार्थीहरूलाई श्रम गर्न र श्रमप्रति सम्मान गर्न उत्प्रेरित गर्नुपर्ने ।

# पाठ २१

## अशक्तहरूप्रतिको सहयोग

### क) हेरौँ, भनौँ र अनुशरण गरौँ :







अ) माथिका चित्रहरूमा के के देख्नु भयो ?

आ) यस्तो असहजता जसलाई पनि हुन सक्छ कि उनीहरूलाई मात्र भएको हो ?

इ) हामीले यस्तो अवस्थाका मानिसहरूलाई किन सहयोग गर्नुपर्छ ?

### ख) कथा पढौँ, बुझौँ र जवाफ लेखौँ :

सविन र सविताको बिहे भएको दुई वर्षपछि जुम्ल्याहा सन्तान जन्मिए । एउटा छोरी र अर्को छोरा । छोरीको नाम क्षमता र छोराको नाम सक्षम राखे । देख्दा पनि रहरलाग्दा थिए । जन्मेको दुई वर्षपछि अचानक क्षमतालाई अत्यधिक ज्वरो आयो । लामो समयसम्म सञ्चो नै भएन । सञ्चो हुँदासम्म क्षमताको आँखाको ज्योति गुमिसकेको रहेछ । छोरा सक्षमले पाँच वर्षको हुँदा सडक दुर्घटनामा परेर दुबै खुट्टा गुमाउनु पर्‍यो ।



छरछिमेकले सविन र सवितालाई अभागी भने पनि उनीहरूले भने हिक्मत हारेनन् । सन्तानलाई अझ धेरै माया गरेर हुर्काए र पढाए । अहिले क्षमताले टेलिभिजनमा कार्यक्रम चलाउँछिन् । उनको कार्यक्रम लोकप्रिय भएको छ । सक्षम सफ्टवेयर इञ्जिनीयर भएका छन् । उनले विकास गरेका सफ्टवयरहरूको आजको डिजिटल दुनियाँमा माग बढेको छ । क्षमता र सक्षम नाम र दाम कमाउने हिसाबले साँच्चिकै क्षमतावान देखिएका छन् । सविन र सविता पनि सन्तानको सत्कर्म देखेर आफूलाई भाग्यशाली महसुस गरेका छन् । बरु सबलाङ्ग भएर पनि आमाबाबाकै सम्पत्ति उडाउँदै बाँचेका सन्तानहरूका आमाबाबाले अचेल आफूलाई अभागी महसुस गरिरहेका छन् ।



(अ)  अपाङ्गता भएका क्षमता र सक्षमले हाल के गरिरहेका छन् ?

....     ....     ....    ....     ....    ....     ....  ....     ....     ....

(आ) क्षमता र सक्षमका आमाबाबालाई अहिले कस्तो महसुस भइरहेको छ ?

....     ....     ....    ....     ....    ....     ....  ....     ....     ....

(इ)  अशक्तहरूप्रति गरिने सकारात्मक सहयोगले कस्तो परिणाम दिने गर्दछ ?

....     ....     ....    ....     ....    ....     ....  ....     ....     ....

(ई) कथामा खास अभागी भनेर कसलाई भन्न खोजिएको छ ?

....     ....     ....    ....     ....    ....     ....  ....     ....     ....

(उ) यस कथाको मुख्य सन्देश के हो ?

....     ....     ....    ....     ....    ....     ....  ....     ....     ....

# एकाइ ५

# हाम्रो वातावरण








# पाठ २२

# हाम्रा वरपरका बोटबिरुवाहरू

## क) चित्र हेरौँ र बोटबिरुवा चिनौँ :

| | | | |
|---|---|---|---|
|  |  |  |  |
| तितेपाती | निम | तुलसी | जामुन |
|  |  |  |  |
| घ्यू कुमारी | बोजो | गुर्जो | घोडटाप्रे |
|  |  |  |  |
| पिप्ला | कुरिलो | बेसार | अदुवा |
|  |  |  |  |
| अमला | अनार | बेल | अम्बा |

| | | | |
|---|---|---|---|
|  |  |  |  |
| लसुन | चरीअमिलो | सिमाली | असुरो |
|  |  |  |  |
| लिची | डुम्री | लेमन ग्रास | पुदिना |

अ) माथि देखाइएका मध्ये कुन कुन बोटबिरुवा देख्नु भएको छ ?

आ) तपाईंले देखेका अरु कुन कुन बोटबिरुवा छन् ?

इ) कुन कुन बोटबिरुवा धेरै समय बाँच्ने र थोरै समय बाँच्ने होलान् ?

## ख) पढौँ र बुझौँ :

हाम्रो घर, विद्यालय, बाटोघाटो वरपर विभिन्न बिरुवाहरू पाइन्छन् । ती मध्ये केही बिरुवाहरू होचा, केही अग्ला र केही मध्यम खालका हुन्छन् । बोटबिरुवालाई सामान्यतया झारपात, बुट्यान र रुख गरी तीन समूहमा बाँड्न सकिन्छ । नरम डाँठ भएका साना बिरुवा झारपात हुन् । झारपातअन्तर्गत धान, मकै, गहुँ, जौ, तोरी आदि पर्छन् । कडा डाँठभएका र झ्याङ परेका मझौला बिरुवा बुट्यान हुन् । बुट्यानअन्तर्गत अनार, निलकाँडा, गुलाब जस्ता बिरुवाहरू पर्छन् । त्यसै गरी कडा डाँठ भएका अग्ला बिरुवा रुख हुन् । रुखअन्तर्गत आँप, पिपल, बर, साल, सिसौँ आदि पर्दछन् । वरपरका बोटबिरुवामध्ये कुनै फूल फुल्छन् भने कुनै फूल फुल्दैनन् । फूल फुल्ने बिरुवामा फूल फुल्ने, फल

लाग्ने, बिउ बन्ने हुन्छ । बिरुवाहरू कुनै जमिन र कुनै पानीमा पाइन्छन् ।

ग) आफ्नो घर र घर वरपर पाइने बिरुवाको अवलोकन गरी तलको तालिकामा भरौँ :

| धेरै साना बिरुवा (झारपात) | मध्यम खालका बिरुवा (झाडी, बुट्यान) | ठुला बिरुवा (धेरै ठुला, कडा डाँठ भएका रुख) |
|---|---|---|
| .................. | .................. | ................. |
| .................. | .................. | .................. |
| ................... | ................... | ................... |
| ................... | .................... | .................... |

घ) आफ्नो विद्यालयको बगैँचामा पाइने तथा विद्यालयको वरपर पाइने बिरुवाको अवलोकन गरी तलको तालिकामा भरौँ :

| धेरै साना बिरुवा (झारपात) | मध्यम खालका बिरुवा (झाडी, बुट्यान) | ठुला बिरुवा (धेरै ठुला, कडा डाँठ भएका रुख) |
|---|---|---|
| .................. | .................. | .................. |

| | | |
|---|---|---|
| .................. | .................. | .................. |
| ................... | ................... | ................... |
| .................... | .................... | .................... |

## ङ) तलका प्रश्नहरूको उत्तर भनौँ :




अ) बोटबिरुवालाई कति समूहमा विभाजन गर्न सकिन्छ ?

आ) वरपर पाइने कुनै चारओटा झारपातको नाम लेख्नुहोस् ।

इ) आफ्नो वरपरका कुनै चारओटा बुट्यानको नाम लेख्नुहोस् ।

ई) आफ्नो वरपर पाइने कुनै चारओटा रुखको नाम लेख्नुहोस् ।


## च) चित्रमा रुख, बुट्यान र झारपात छुट्याऔँ :

| | | | |
|---|---|---|---|
|  |  |  |  |
| ....... | ........... | ........ | ............... |
|  |  |  |  |
| ............. | ........... | .......... | ............. |

छ) धर्को तानेर बिरुवा चिनौँ :

| | |
|---|---|
| रुख |  |
| |  |
| झारपात |  |
| |  |
| बुट्यान |  |
| |  |

ज) तलका चित्रमा उपयुक्त रङ भरौँ :



पाठ २३

# घर र विद्यालयको बगैँचा

## क) चित्र हेरौँ र छलफल गरौँ :



घरको बगैँचा




विद्यालयको बगैँचा

## बगैँचा र करेसाबारीमा पाइने तरकारी






फुलगोभी बन्दागोभी ब्रोकाउली भान्टा






लौका घिरौला काक्रो करेला






टमाटर खुर्सानी प्याज लसुन

अ) माथिको चित्रमा के के देख्नुभयो ?

आ) करेसाबारीमा के के उत्पादन गर्न सकिने रहेछ ?

इ) तपाईँको घरको बगैँचामा कुन कुन तरकारी र फूलहरू छन् ?

### ख) पढौँ र जानौँ :

घर वरपर रहेको जमिनमा गरिने तरकारी, फलफूल र खेती प्रणाली बगैँचा हो । करेसाबारी पनि घर बगैँचाअन्तर्गत पर्छ । घर परिवारलाई चाहिने दैनिक तरकारी, फलफूल, मसला आदि घर

बगैँचाबाट प्राप्त हुन्छ । त्यसै गरी घर बगैँचामा धार्मिक, सांस्कृतिक र वातावरणीय महत्वका उपयोगी बिरुवाहरू पनि हुन्छन् । घर बगैँचा मुख्यतया घरपरिवारको दैनिक आवश्यकता पुरा गर्नको लागि बनाउने गरिन्छ । घर नजिक रहेको जग्गा तथा घरको कौशी, बरन्डाको सदुपयोग गरी विभिन्न प्रकारका तरकारी, औषधीय जडीबुटीहरू, फलफूल लगाउने गरिन्छ ।

घरमै खाने उद्देश्यले बर्षै भरी ताजा तरकारी र मसला बालीहरू ( जस्तैः लसुन, प्याज, अदुवा, बेसार, धनिया आदि) उत्पादन गर्न समेत बगैँचा र करेसाबारी बनाइन्छ । करेसाबारीमा काउली, बन्दागोभी, ब्रोकाउली, गोलभैँडा, धनियाँ, लसुन, प्याज, खुर्सानी, पालुङ्गो, चम्सुर, रायो जस्ता सागसब्जीहरू रोपिन्छ । आफ्नो करेसाबारीमा फलेको ताजा तरकारी स्वादिलो र मिठो पनि हुन्छ । समय समयमा करेसाबारीमा भएका बिरुवाहरू गोडमेल गर्ने र पानी हाल्ने गर्नु पर्दछ ।
घरमा बगैँचा बनाउने तरिकाअनुसार नै विद्यालयको खाली जग्गामा तरकारीको साथै फूलहरू, फलफूल खेती गर्न सकिन्छ । बगैँचा र करेसाबारीबाट स्वच्छ र ताजा तरकारी पाइन्छ । करेसाबारीबाट आफैंले फलाएको तरकारी स्वास्थ्यका लागि राम्रो हुन्छ । करेसाबारीमा काम गर्दा शारीरिक व्यायाम हुनुका साथै शरीर फुर्तिलो हुन्छ । विद्यालयमा बगैँचा निर्माण गर्नाले स्वस्थ वातावरण बन्नुका साथै धेरै किसिमको सिकाइ पनि हुन्छ ।

### ग) तलका प्रश्नको उत्तर लेखौँ :

अ) बगैँचा भनेको के हो ?

आ) तपाईंको घरको बगैँचामा कुन कुन तरकारी छन् ?

इ) बगैँचामा तरकारी बाहेक अरु के के उत्पादन गर्न सकिन्छ ?

ई) बगैँचाबाट के-के फाइदा हुन्छ ?

## घ) खाली ठाउँमा उपयुक्त शब्द भरौँ :

| | | | | |
|---|---|---|---|---|
| जैविक, | मिठो, | पानी, | जडीबुटी, | करेसाबारी |

अ) घर वरिपरि तरकारी खेती गर्ने ठाउँलाई ..........भनिन्छ ।

आ) समय समयमा बगैँचामा भएका बिरुवाहरू गोडमेल गर्ने र ......हाल्ने गर्नुपर्दछ ।

इ) आफ्नो बगैँचामा फलेको ताजा तरकारी स्वादिलो र.............. पनि हुन्छ ।

ई) भान्छाबाट निस्कने फोहोरलाई करेसाबारीमा ............. मलका रूपमा प्रयोग गर्न सकिन्छ ।

उ) बगैँचामा तरकारी, फलफूल खेतीको साथै............को पनि खेती गर्न सकिन्छ ।

## ङ) तल दिइएका वाक्यहरू पढी सही भए ठीक (√) र गलत भए बेठीक (×) चिह्न लगाऔँ :

अ) बगैँचा निर्माण गर्दा वातावरण स्वच्छ हुन्छ । ☐

आ) घर वरपर जग्गा नभए बगैँचा बनाउन सकिदैन । ☐

इ) बगैँचामा भएका बिरुवाहरू गोडमेल गर्नुपर्दछ । ☐


ई) बगैँचामा फूलखेती मात्र गर्न सकिन्छ । ☐

## च) परियोजना कार्य गरौं :

अ) तपाइँको बगैँचामा भएका तरकारीको सूची तयार गरी ल्याउनुहोस् ।

आ) तपाइँको करेसाबारीमा फलेको मनपर्ने कुनै एउटा तरकारीको सफा चित्र बनाई रङ लगाउनुहोस् ।

इ) तलको बगैँचाको चित्रमा उपयुक्त रङ लगाउनुहोस् ।



# पाठ २४

## बोटबिरुवा रोपौँ

### क) चित्र हरौँ र छलफल गरौँ :





अ) दिइएको चित्रमा के के देख्नुहुन्छ ?

आ) के तपाईँले बोटबिरुवा रोप्नु भएको छ ?

इ) बोटबिरुवा कहाँ कहाँ रोप्नुपर्छ ?

ई) बोटबिरुवा किन रोप्नुपर्छ ?

### ख) पढौँ र बुझौँ :

विनोद कक्षा दुईमा पढ्छन् । उनको विद्यालयमा बगैँचा पनि छ । बगैँचामा तरकारी, फलफूल, जडीबुटी लगाइको छ । यसका साथै विद्यालयको खाली जमिनमा विभिन्न किसिमका बोटबिरुवाहरू रोप्ने गरिएको छ । विनोदका साथीहरू र विनोद मिलेर विद्यालयको वरपरको खाली जमिनमा समेत बोटबिरुवाहरू रोप्ने

गरेका छन् । यसले गर्दा विद्यालय र विद्यालयको वरपर हरियाली छ । स्वच्छ वातावरण निर्माण भएको छ । बोटबिरुवा रोपेर मात्र हुँदैन । तसर्थ विनोद र उनका साथीहरूले आफूले रोपेका प्रत्येक बोटबिरुवालाई हुर्काउन मलजल गर्ने गर्छन् र हेरचाह समेत गर्दछन् ।

विद्यालयमा मात्र नभएर विनोदले घरको वरपर खाली जमिनमा तरकारी, फलफूल खेती गरेका छन् । खेतबारीको छेउछेउमा रुखहरू रोपेका छन् । बगैँचामा विभिन्न जडीबुटीहरू समेत रोपेर तिनको हेरचाह गर्ने, मलजल गर्ने कार्य गर्दछन् । यसले गर्दा घर वरपरको वातावरण स्वच्छ र सफा देखिन्छ ।

### ग) गीत गाऔँ :

खाली ठाउँमा बिरुवा रोपेर
गरौँ काम कर्तव्य सम्झेर ।
बगैँचामा तरकारी रोपेर
स्वस्थ शरीर बनाऔँ खाएर ।

बगैँचामा फलफूल रोपेर
फूल फूल्ने बिरुवा रोपेर ।
बिरुवालाई गोडमेल गरेर
हुर्काऔं तिनलाई पानीले सिँचेर ।

रुख रोपी हरियाली बनाउने
आफू बाच्न प्रकृति बचाउने ।
खाली जमिन राख्न नै नहुने
बाढीपहिरो भू-क्षयले नछुने ।
विद्यालय र घरमा रुख रोप्ने

सास फेर्न अक्सिजन पाइने ।
हरियाली प्रकृति सजाउने
सबै मिली समृद्धि बनाउने ।

## घ) खाली ठाउँमा उपयुक्त शब्द भरौँ :

| | | | | |
|---|---|---|---|---|
| बाढी पहिरो, | अक्सिजन, | बगैँचा, | स्वच्छ, | हरियाली |

अ) घर वा विद्यायलको खाली ठाउँमा रुख रोपेर.......... बनाउनुपर्छ ।
आ) वनजङ्गलले वातावरणलाई .................. बनाउँछ ।
इ) रुखले हामीलाई .................. दिन्छ ।
ई) रुखबिरुवाले ................ लाई रोक्छ ।
उ) घर र विद्यालयमा ................बनाउन सकिन्छ ।

## ङ) तलका प्रश्नको उत्तर लेखौँ :

क) हामीले खाली जमिनमा किन बोटबिरुवा रोप्नुपर्छ ?
ख) बाढी पहीरोलाई कसरी रोक्न सकिन्छ ?
ग) तपाईंले वृक्षरोपण कहिले गर्नुहुन्छ ?
घ) रुख बिरुवाबाट के के प्राप्त गर्न सकिन्छ ?

## च) तलका भनाइहरू ठिक भए (✓) र बेठिक भए (×) चिह्न लगाऔँ :

अ) सजीव र निर्जीव मिलेर वातावरण बन्छ । ☐
आ) खाली ठाउँमा वृक्षरोपण गर्नुपर्छ । ☐
इ) भइरहेको अवस्थामा सुधार गर्नु विनास हो । ☐
ई) घर र विद्यालयमा बगैँचा बनाउनुपर्छ । ☐

# पाठ २५

## पानीका स्रोतहरू र उपयोग

### क) चित्र हेरौँ र छलफल गरौँ :



कुवा



धारा÷नल्की



पोखरी



राप्ती नदी

अ) माथि देखाइएका पानीका स्रोतहरूबाहेक अरु कुन कुन स्रोतहरू देख्नु भएको छ ?

आ) तपाईँले पानीको कुन स्रोत प्रयोग गर्नु भएको छ ?

## ख) कविता वाचन गरौँ :

पानी नै हो सबैलाई चाहिने
हामी सबैको तिर्खा मेटाउने ।
तिर्खा मात्र मेटाउन्न यसले
सबै प्राणीको ज्यान बचाउने ।

पानी हेर बग्दछ खोलामा
सिँचाइ गर्छ खेत र बारीमा ।
दुषित नगर पानीका मुहान
सफा पानीले स्वस्थ जीवन ।

### गाउँपालिकामा रहेका पानीका स्रोतहरू

| | | |
|---|---|---|
| अ) कुवा | आ) इनार | इ) पोखरी |
| ई) नदी | उ) ट्युबबेल | ऊ) जरुवा |

## ग) तलका प्रश्नहरूको उत्तर लेखौँ :

अ) हाम्रो गाउँपालिकामा पानीका कुन कुन स्रोतहरू छन् ?

....................................................................................

आ) तपाईँको घरमा कुन कुन पानीका स्रोतहरू प्रयोग भएका छन् ?

.....................................................................

इ) तपाइँको घरमा रहेको पानीको स्रोतको प्रयोग के के कामका लागि गरिएको छ ?

.....................................................................

ई) राप्तीसोनारीको पानीको प्रमुख स्रोत राप्ती नदीको पानी के के कामका लागि प्रयोग भएको छ ?

.....................................................................

उ) पानीका स्रोतहरूको सरसफाइ कसरी गर्न सकिन्छ ?

.....................................................................

घ) तल दिइएको तालिकामा आफ्नो घर तथा छिमेकमा प्रयोग हुने पानीका स्रोत र तिनको उपयोग लेखौँ :

| क.स. | पानीका स्रोत | उपयोग |
|---|---|---|
| १. | ट्युबवेल | नुहाउन, कपडा धुन, भाँडा धुन |
| २. | | |
| ३. | | |
| ४. | | |
| ५. | | |
| ६. | | |

ङ) खाली ठाउँमा उपयुक्त शब्द भरौँ :

| सजीवहरू, फोहोर, सजीव, सिँचाइ, राप्ती नदी |
|---|

अ) पानी.................... का लागी नभइ नहुने तत्व हो ।

आ) राप्तीसोनारी गाउँपालिकाको पानीको प्रमुख स्रोत..............हो ।

इ) पानीको मुहान वरिपरी.............. गर्नु हुँदैन ।

ई) ............. जीवित रहन पानीको आवश्यक पर्दछ ।

उ) समय समयमा बोटबिरुवालाई ............गर्नुपर्छ ।

च) आफू बस्ने वडाभित्र पानीका स्रोतहरू के के छन् ? अभिभावकलाई सोधेर लेखौँ :

.........................................................................

.........................................................................

# पाठ २६

# फोहोरमैलाको परिचय

## क) पढौँ र छलफल गरौँ :




अ) चित्रमा कसले के के कार्य गरिरहेका छन् ?
आ) चित्रमा देखाइएका वस्तुहरू के के हुन् ?
आ) घरमा के कस्ता फोहोरहरू निस्कन्छन् ?
ई) विद्यालयमा के कस्ता फोहोरहरू निस्कन्छन् ?

## ख) पढौँ र उत्तर लेखौँ :

घर, विद्यालयमा काम नलाग्ने वस्तुलाई फोहोर भनिन्छ । घर, विद्यालय, समुदायमा काम नलाग्ने वस्तुलाई सही तरिकाले व्यवस्थापन गर्नु नै फोहोरमैला व्यवस्थापन हो ।

हाम्रो गाउँ सफा छ । हामी बाटो र चउरमा फोहोर फाल्दैनौँ । हामीलाई सफा वातावरण मन पर्छ । हामी नियमित रूपमा घर वरपर सफा गर्छौं । घरबाट दिनहुँ निस्कने फोहोर निश्चित भाँडामा राख्छौँ ।

हरेक शनिबार सबैजना मिलेर हाम्रो टोल तथा सार्वजनिक स्थलहरू सफा गर्ने गर्छौं । हामी बालबालिकाहरू वरपरका

फोहोरहरू टिप्छौँ । ठुला मानिसहरू खाल्डाखुल्डी पुर्नुहुन्छ । तरकारी फलफूलका बोक्राहरू, पराल, छ्वाली, भुस आदि कुहिने वस्तुबाट मल बनाई खेतबारीमा प्रयोग गर्छौं । नकुहिने फोहरहरू निश्चित ठाउँमा राखेर व्यवस्थित गर्छौं । फोहोरहरू कुहिने र नकुहिने गरी छुट्याइन्छ । हामी सबैको प्रयासले हाम्रा ठाउँका मन्दिर, विद्यालय र बाटोघाटो सफा छन् । यसैगरी धारा, कुवा, इनार र नदी पनि सफा छन् । त्यसैले हाम्रो गाउँलाई सबैले मन पराउँछन् ।

प्रश्नहरू :

अ) फोहोर भनेको के हो ? घरबाट दिनहुँ निस्कने फोहोरहरूलाई कहाँ राख्नुपर्छ ?

.....................................................................

आ) हामीले आफ्नो टोल तथा सार्वजनिक स्थलहरूलाई कसरी सफा राख्नुपर्छ ?

.....................................................................

इ) तरकारी र फलफूलका बोक्राहरूलाई के काममा प्रयोग गर्न सकिन्छ ?

.....................................................................

इ) फोहोरमैलाको व्यवस्थापन कसरी गर्नुपर्छ ?

.......................................................................

**ग) तलका भनाइहरू ठिक भए (√) र बेठिक भए (×) चिह्न लगाऔँ :**

अ) हामीले आफ्नो टोलको सरसफाइ गर्नुपर्दछ । ( )

आ) टोलको सरसफाइमा सबै मानिसहरू सहभागी हुनुपर्दैन । ( )

इ) घरको सरसफाइ शनिबार मात्र गर्नुपर्छ । ( )

ई) नकुहिने फोहरहरू व्यवस्थित गर्नुपर्छ । ( )


उ) वातावरण फोहोर हुँदा विभिन्न किसिमका रोगहरू लाग्न सक्नछन् । ( )


**घ) परियोजना कार्य गरौँ :**

घरमा सरसफाइ गरेको फोटो खिचेर कसरी सफा गरेको हो ? तरिकासहित लेखेर ल्याउनुहोस् ।

# पाठ २७
# फोहोर हुने कारण र असर

## क) चित्र हेरौँ र छलफल गरौँ :








अ) माथिको चित्रमा के के देख्नुभयो ?

आ) चित्रमा देखाइए जस्तै फोहोर हुँदा वातावरणमा के के असरहरू देखा पर्छन् होला ?

इ) फोहोर के के कारणले गर्दा हुन्छ ?

(इ) वरपरको वातावरण फोहोर हुन नदिन के के कार्य गर्न सकिन्छ ?

## ख) पढौँ र उत्तर भनौँ :

काम नलाग्ने वस्तु जथाभावी फाल्दा वातावरण फोहोर हुन्छ । घरवरपर, बाटोघाटो, बसपार्क, खेल मैदान, सडक, खोला, नदी वरिपरि फोहोर फाल्दा त्यहाँको वातावरण फोहोर हुन्छ । यसरी जहाँतहीँ फोहोर फाल्नाले वातारण प्रदूषित भई स्थानीय बासीहरूको स्वास्थ्यमा नराम्रो असर पर्दछ । पानीमा स्रोतहरूमा फोहोर फाल्नाले पानी प्रदूषित हुन्छ । पानीमा स्रोतहरूमा दिशा पिसाब गर्ने, कपडा धुने, गाईवस्तुलाई पानी खुवाउने गर्नाले पनि पानी प्रदूषित हुन्छ । पानी प्रदूषित भयो भने वातावरण दुषित हुन्छ । वातावरणीय प्रदूषणले श्वासप्रश्वाससम्बन्धी रोगहरू, मुटुसम्बन्धी रोगहरू र केही प्रकारका क्यान्सरहरू जस्ता स्वास्थ्य समस्याहरू निम्त्याउन सक्छ । घर, घरवरपर तथा विद्यालयमा फोहोर हुँदा सर्वप्रथम स्वास्थ्यलाई असर गर्छ । यसले छालामा जलन, एलर्जी र सास फेर्न समस्या निम्त्याउन सक्छ । यसले थकान, टाउको दुख्ने र सामान्य चिडचिडापन पनि निम्त्याउन सक्छ । यसले संक्रमण पनि निम्त्याउन सक्छ । त्यसैले हामीले घर, विद्यालय, समुदाय, सडक, पानीका स्रोत आदि सधैँ सफा राख्नुपर्छ ।

### प्रश्नहरू :

अ) वरपरको वातावरण किन फोहोर हुन्छ ?

.................................................................

आ) पानीका स्रोतहरू कसरी प्रदुषित हुन्छन् ?

.................................................................

इ) वातावरण प्रदूषण हुँदा कस्ता कस्ता रोगहरू फैलाउँछन् ?

...............................................................................

ई) तपाईंको घरवरिपरि कुन कुन ठाउँमा फोहोर देख्नुभएको छ ?

...............................................................................

उ) हाम्रो वरपरको वातावरण सफा र स्वच्छ राख्न के के कार्य गर्नुपर्छ ?

...............................................................................

## ग) तल दिइएको खाली ठाँउमा मिल्ने शब्द भरौं :

| रोग | प्रदूषण | स्वास्थ्य |
|---|---|---|

अ) पानीका स्रोतहरूमा दिशा पिसाब गर्ने, कपडा धुने, गाईबस्तुलाई पानी खुवाउने गर्नाले पनि पानी ...................हुन्छ ।

आ) वातावरण प्रदूषण भयो भने विभिन्न किसिमका........... लाग्छन् ।

इ) फोहोर वातावरणले ............लाई असर गर्छ ।

# फोहोरमैलाको वर्गीकरण

## क) हेरौँ र छलफल गरौँ :









अ) चित्रमा के के कार्य भइरहेको छ ?

आ) फोहोरमैलालाई कसरी व्यवस्थापन गरिएको छ ?

## ख) पढौँ र लेखौँ :

सिर्जना कक्षा २ मा पढ्छिन । उनको घर वरपर सफा छ । उनका आमा र दिदी मिलेर सधैँ घर सफा गर्नुहुन्छ । घरको वरिपरि बगैँचा छ । सिर्जनाको बुबाले बगैँचाको हेरचाह गर्नुहुन्छ । उनीहरूले कुहिने फोहोर र नकुहिने फोहोरलाई छुट्याउँछन् । कुहिने फोहोरलाई खाल्डामा जम्मा गर्छन् । नकुहिने फोहोरलाई पुनः प्रयोग गर्न मिल्ने र नमिल्ने गरी छुट्याउँछन् । टोलका मानिसहरू हप्तैपिच्छे बाटो, पाटीपौवा, धारो, मठमन्दिर जस्ता ठाउँहरू सफा गर्छन् । टोलको सरसफाइ कार्यमा पनि उनी सहभागी छिन् । सरसफाइ गर्दा सबैले हातमा पन्जा र मुखमा मास्क लगाउँछन् । सरसफाइको काम सकेपछि साबुन पानीले हातखुट्टा सफा गरी धुन्छन् । त्यसैले सिर्जनाका गाउँका मानिसहरू स्वस्थ र निरोगी छन् ।

## ग) तलका प्रश्नहरूको उत्तर लेखौँ :

क) के तपाईंको घर पनि सिर्जनाको जस्तै सफा छ ?

..........................................................................

आ) तपाईंको परिवारमा घर कसरी सफा गर्नुहुन्छ ?

...........................................................................
.

इ) तपाईं आफ्नो घरबाट निस्कने फोहोरहरूलाई के गर्नुहुन्छ ?

...........................................................................
.

### घ) पढौँ र छलफल गरौँ :



फोहोरहरूका कारण हावा, पानी र जमिन प्रदूषित भइरहेका हुन्छन् । जसका कारण वातावरणमा नकारात्मक असर परी जीवजन्तु तथा मानिसको स्वास्थ्यमा असर परिरहेको पाइन्छ । फोहोरलाई ठोस फोहोर, तरल फोहोर र ग्याँस फोहोर गरी तीन प्रकारमा वर्गीकरण गर्न सकिन्छ ।

#### ठोस फोहोर

ठोस अवस्थामा निस्कने फोहोरहरूलाई ठोस फोहोर भनिन्छ । जस्तैः कागज, काठ, दिसा, प्लास्टिक, सिसाका टुक्रा आदि । स्वरूप वा अवस्थाका आधारमा ठोस फोहोरलाई पनि कुहिने र नकुहिने फोहोर गरी दुई प्रकारमा वर्गीकरण गर्न सकिन्छ ।

#### कुहिने फोहोर

कागज, काठ, लत्ता कपडा, खानेकुरा, मृत जीव जनावर पातपतिङ्गर आदि सड्ने वस्तुहरूलाई कुहिने फोहोर भनिन्छ । यस्ता फोहोरबाट मल बनाई करेसाबारी, खेतबारीमा प्रयोग गर्न सकिन्छ ।

#### नकुहिने फोहोर

उद्योग कलकारखानाबाट उत्पादित प्लास्टिक, सिसाका टुक्रा आदि नसड्ने वस्तुहरूलाई नकुहिने फोहोर भनिन्छ । नकुहिने फोहोरले पनि वातावरणलाई असर गर्नुको साथै मानव स्वास्थ्यलाई पनि नकारात्मक असर पार्दछ ।

## ङ) छोटो उत्तर लेखौं :

अ) ठोस फोहोर कति प्रकारको हुन्छ ? नाम लेख्नुहोस् ।

.............................................................................

आ) कुहिने फोहोर र नकुहिने फोहोरको दुई दुईओटा उदाहरण लेख्नुहोस् ।

.............................................................................

इ) तपाईंको घरबाट निस्कने कुहिने फोहोर र नकुहिने फोहोरहरूलाई कहाँ र कसरी ब्यवस्थापन गर्नु भएको छ ? लेख्नुहोस् ।

.............................................................................

ई) कुहिने र नकुहिने फोहोर छुट्टा छुट्टै व्यवस्थापन गर्दा हुने फाइदाहरू लेख्नुहोस् ।

.............................................................................

.............................................................................

## च) तलका भनाइहरू सही भए ठीक (√) र गलत भए बेठीक (×) चिह्न लगाऔं :

अ) ठोस अवस्थामा निस्कने फोहोरहरूलाई ठोस फोहोर भनिन्छ ।

आ) फोहोरको रूपमा निस्कने तरल पदार्थलाई तरल फोहोर भनिन्छ ।

इ) ग्याँस फोहोरले वातावरण दुषित बनाउँदैन ।

ई) फोहोरको व्यवस्थापन नगर्दा विभिन्न किसिमका रोग लाग्छन् ।

छ) घरबाट निस्किने कुहिने र नकुहिने फोहोरहरूलाई तलको तालिकामा लेखौँ :

| कुहिने फोहोरहरू | नकुहिने फोहोरहरू |
|---|---|
| | |
| | |
| | |
| | |
| | |

## एकाइ ६

# विपद व्यवस्थापन








पाठ २९

# विपद्को पहिचान र बच्ने उपायहरू

## क) हेरौँ, चिनौँ र भनौँ :





## ख) गीत गाऔँ र बुझौँ :

### हावाहुरी र चट्याङ्



तेज हावा चल्दा
रुख ढल्न सक्छ,
त्यही हो हावाहुरी
भनी जान्नु पर्छ ।



आकाशमा कालो बादल
गर्छ गड्याङ् गुडुङ ,
झिलिक्क बिजुली निस्केर
पर्ने गर्छ चट्याङ ।

## ग) निम्न प्रश्नको उत्तर भनौँ :

अ) हावाहुरी भनेको के हो ?

..........................................................................................

आ) कस्तो बादल लाग्दा चट्याङ् पर्छ ?

..........................................................................................

ई) के चट्याङ्ले आगलागी हुनसक्छ ?

..........................................................................................

ई) हावाहुरी र चट्याङ्ले हुने एक एक वटा नोक्सानी लेख्नुहोस् ।

..........................................................................................

## घ) ठिक र बेठिक छुट्याऔँ :

अ) कालो बादल लागेमा चट्याङ् पर्न सक्छ । ( )

आ) हावाहुरी आउँदा रुख ढल्न सक्छ । ( )

इ) चट्याङ पर्दा बिजुली निस्कंदैन । ( )

## ङ) टिपोट गरौँ :

कक्षा शिक्षकसँग हावाहुरी र चट्याङ्बाट बच्ने उपायहरू सोधेर जानकारी लिई टिपोट गर्नुहोस् ।

## च) गीत गाऔँ र बुझौँ :

**भूकम्प**



जमिन काँप्नु भूकम्प हो
धनजनको क्षति हुन्छ,
घर बनाउँदा बलियो बनाऔं
नत्र भूकम्पले ढल्दछ ।
भूकम्प आउँदा आत्तिनु हुन्न
संयम राख्नुपर्छ,
जीउ ज्यान जोगाउनलाई
सुरक्षित ठाउँमा जानुपर्छ ।

## छ) तलका प्रश्नहरूको उत्तर लेखौँ :

अ) भूकम्प भनेको के हो ?

........................................................................

आ) भूकम्प आउँदा कस्तो ठाउँमा जानुपर्छ?

........................................................................

इ) भूकम्पबाट बच्न के गर्नुपर्छ ?

........................................................................

## ज) खाली ठाउँमा ठीक शव्द भरौँ :

अ) भूकम्प आउँदा जमिनमा कम्पन्न ........ । (हुन्छ/हुँदैन)

आ) भूकम्पले धनजनको क्षति ........ । (हुन्छ/हुँदैन)

इ) भूकम्प पनि विपद् ........। (हो/होइन)

## झ) गीत गाऔँ :

### शितलहर र महामारी

पुस माघमा शीतलहर, चिसो चिसो हावा
कम्मल ओढौं न्यानो, बनाऔँ जिउ सारा ।
तातो दुध, झोल आदि पिउने गरौँ सबै आगो
तापौँ साथीभाइ बसौँ घाम कुदैं ।





महामारीमा सजग भई, मिलिजुली रहौँ
जीवनशैली स्वस्थ बनाई, सबले धैर्य गरौं ।
नजाऔँ है भिडमा, हात धोऔँ बारम्बार
मास्क पनि लाउने गरौँ, सचेत गरौँ परिवार ।

## ञ) तलका प्रश्नहरूको उत्तर लेखौँ :

अ) शीतलहर कहिले चल्छ ?

.........................................................................

आ) शीतलहरबाट बच्न तपाईँ के गर्नुहुन्छ ?

.........................................................................

इ) शीतलहरलाई किन विपद् मानिन्छ ?

.....................................................................

ई) महामारी भनेको के हो ?

.....................................................................

उ) महामारीबाट बच्न के गर्नुपर्छ ?

.....................................................................

**ट) गीत गाऔँ :**

**आगलागी**

आगो लाग्नु आगलागी हो
होसियार रहनुपर्छ ।
घरमा आगो लागे
धनजनको क्षति हुन्छ ।
जङ्गलमा आगो लागे
जङ्गल नाश हुन्छ ।





**ठ) खाली ठाउँमा ठिक शब्द भरौँ :**

अ) आगो लाग्नु ........हो । (आगलागी/महामारी)

आ) आगलागीले धनजनको .......हुन्छ । (क्षति/वृद्धि)

इ) जङ्गलमा आगो लागेमा जङ्गल .....। (नाश/संरक्षण)

**ड) शिक्षकलाई सोधी आगलागीबाट बच्ने उपायहरू टिपोट गरौँ :**

...................................................................................

..................................................................................

..................................................................................

## ढ) तलको तालिकामा विपद् पहिचान गरी  नाम लेखौँ :

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| का | तु | रु | पो | दे | फौ | स | नै | लौ | आ | ही | म |
| जो | शी | हा | वा | हु | री | हे | मु | छा | ग | री | हा |
| भा | र | दे | टो | लू | बा | ढी | मे | चो | ला | धौ | मा |
| तु | टा | च | प | भू | ओ | प | हि | रो | गि | लै | री |
| मि | यो | ट्या | व | न्य | ज | न्तु | आ | क्र | म | ण | ना |
| लो | सी | ङ | ती | बो | भू | क | म्प | लि | झी | को | रु |

शिक्षकलाई अनुरोध :  शिक्षकले हावाहुरी, चट्याङ, जङ्गली जनावरको आक्रमण, बाढी पहिरो जस्ता विभिन्न जोखिमहरूको भिडिओ डकुमेन्ट हेर्न लगाई  सिमुलेसन वा अभिनय विधिबाट सहजिकरण  गरी पृष्ठपोषण दिने ।

## पाठ ३०

# घर र विद्यालयमा हुने जोखिम र बच्ने उपायहरू

## बिजुली

### क) हेरौँ, चिनौँ र भनौँ :

| | | |
|---|---|---|
|  |  |  |

| | | |
|---|---|---|
| म बिजुली हुँ। मलाई करेन्ट पनि भनिन्छ। मबाट पङ्खा, मोटर ,टी.भी., कम्प्युटर आदि चल्छन्। |  | मसँग डराउनु पर्दैन, मबाट बच्ने वा सुरक्षित हुने उपायहरू पनि छन्। |
| मलाई प्रयोग गर्दा लापरवाही भएमा मानिसको ज्यान पनि लिन सक्छु। | | मबाट बच्ने उपायहरू :<br>नाङ्गो तार नछुने<br>तार तानेको खम्बामा नचढ्ने<br>भिजेको हातले बिजुलीका सामान नछुने |

## ख) निम्न प्रश्नहरूको उत्तर लेखौँ :

अ.बिजुलीबाट चल्ने कुनै तीनवटा उपकरणहरूको नाम लेख्नुहोस् ।

..............................................................................

आ. बिजुलीको नाङ्गो तार छोए के हुन्छ ?

..............................................................................

इ. बिजुलीको जोखिमबाट बच्ने कुनै तीनवटा उपायहरू लेख्नुहोस् ।

..............................................................................

## ग) ठिक भए ठिक (√) चिन्ह र बेठिक भए बेठिक (x) चिन्ह लगाऔँ

अ) मोटर पम्पमा बस्नु राम्रो हो ।

आ) लत्रेको तारमा पिङ खेल्नु पर्छ ।

इ) बिजुलीको नाङ्गो तार छुनु हुँदैन ।

ई) घुमिरहेको पङ्खा समात्नु  हुँदैन ।

उ) बिजुलीको प्लगमा औंला घुसार्नु पर्छ ।

## ग) तल दिएका उपकरणहरू चिनेर नाम लेखौँ :

| | | | | |
|---|---|---|---|---|
|  |  |  |  |  |
| ............... | ................... | ............. | ........... | ................ |

## भ-याङ

### क) हेरौँ, चिनौँ र भनौँ :

### ख) कथा पढौँ र बुझौँ :

रमेशको घरमा काठको भ-याङ छ। एक दिन ऊ भ-याङबाट हतार हतार गरेर ओर्लिरहेको थियो। अचानक ऊ भ-याङबाट लड्यो। उसलाई खुट्टामा चोट लागी घाउ भयो। उसलाई बुवाले तुरुन्तै स्वास्थ्य चौकीमा लगेर उपचार गराउनु भयो । केहि दिन पछि सञ्चो भयो। अब देखि ऊ भ-याङमा हिँड्दा होस गरेर हिँड्छ। बुवाले उसलाई भ-याङमा हुने दुर्घटनाबाट बच्न तल लेखिएका कुरामा ध्यान दिनुपर्छ भन्नुभयो।

- भ-याङमा फोहोर गर्ने, पानी पोख्ने काम गर्नु हुँदैन,
- भ-याङमा खेल्ने, दौडने गर्नु हुँदैन,
- भ-याङमा हिँड्दा एकअर्कालाई घचेट्नु हुँदैन,

### ग) उत्तर लेखौँ :

अ) के तपाईँको विद्यालयमा भ-याङ छ ?

.............................................................

आ) भ-याङमा चढ्दा वा ओर्लंदा के के कुरामा विचार गर्नुपर्छ ?

....................................................................................

## घ) खाली ठाउँ भरौँ :

अ) सिंढी उक्लदा ओर्लदा होस ...............।  (गर्नुपर्छ/गर्नुपर्दैन)
आ) सिंढीको रेलिङमा चिप्लेटी.................।  (खेल्नुपर्छ/खेल्नुपर्दैन)
इ) सिंढीमा खेल्ने, दौड्ने राम्रो बनी ........ ।  (हो/होइन)

## बार्दली



## क) पढौँ र जानौँ :

सीताको घरमा बार्दली छ । यसलाई बरण्डा पनि भनिन्छ । उनी बरण्डामा हिँड्दा, खेल्दा होस गर्छिन् । बार्दलीमा हिंड्दा धेरै जोखिमहरू हुन सक्छन् । यसबाट बच्ने उपायहरू उनको कक्षामा शिक्षक विद्यार्थीहरू बीच छलफल भयो । ती उपायहरू उनले अभ्यास पुस्तिकामा यसरी लेखिन् ।

- बरण्डामा नदौड्ने, एकले अर्कोलाई धक्का नदिई हिँड्ने,
- चिप्लिने चीजबीज जथाभावी नफाल्ने,
- बरण्डाको छेउछेउमा छेकबार (रेलिङ) लगाउने ।

**ख) तलका प्रश्नको उत्तर लेखौँ :**

अ) बार्दलीको अर्को नाम के हो ?

..............................................................................

आ) बरण्डाको हुनसक्ने जोखिमबाट बच्न के के उपाय गर्न सकिन्छ ?

..............................................................................

इ) के बरण्डाको रेलिङमा धेरै मानिसले अडेस लगाएर उभिनु राम्रो हो ?

..............................................................................

**ग) ठिक भए ठिक ( √) चिन्ह र बेठिक भए बेठिक ( x) चिन्ह लगाऔँ :**

अ) बरण्डामा हिँड्दा होश गर्नुपर्दैन । ( )

आ) बरण्डामा हिँड्दा एकले अर्कोलाई घचेट्नु हुँदैन । ( )

इ) बरण्डामा चिप्लिने वस्तु जथाभावी फाल्नुपर्छ । ( )

ई) घरको माथिल्ला तलाका बार्दलीमा रेलिङ लगाउनुपर्छ । ( )

उ) बार्दलीमा दौडी दौडी खेल्नु राम्रो हो । ( )

घ) तपाईँको विद्यालयमा बार्दलीको जोखिमबाट बच्न के उपाय गरिएको छ ? अवलोकन गरी लेखौँ :

..............................................................................

..............................................................................

**ङ) तलका चित्रमा धर्सा तानेर जोडा मिलाऔँ :**

| | |
|---|---|
|  | पङ्खा |
|  | सिंढी |
|  | पानीमोटर |
|  | बार्दली |

पाठ ३१

# बाटामा हुने विपद् र बच्ने उपायहरू

## बाढी र पहिरो

### क) हेरौँ, चिनौँ र भनौँ :





### ख) संवाद पढौँ, बुझौँ र उत्तर लेखौँ :

विमल : के छ रविना ? धेरै दिनपछि भेट भयो । विद्यालय किन नआएकी ?

रविना : घरमा आमा बिरामी पर्नु भएकोले । अँ साँच्चै हाम्रो राष्ट्रिसोनारी विषयमा कुन पाठ पढाइ भयो नि ?

विमल : बाढी र पहिरो भन्ने पाठ पढ्यौँ ।

रविना : मेरो त पाठ छुट्यो । मलाइ सिकाइदिन सक्छयौ ?

विमल : हुन्छ, नि । ल सुन है त - नदी वा खोलाको सतहको पानी बढ्नु बाढी हो भने भिरालो ठाउँको जमिन तल खस्किनु पहिरो हो ।

रविना : बाढी पहिरोले के कस्तो नोक्सानी हुन्छ त ?

विमल : बाढी, पहिरोबाट घर गोठ बगाउने, खोला थुनिने, बाटो भत्काउने र अन्नबाली नष्ट हुने तथा मानवीय क्षति पनि हुनसक्छ ।

रविना : बाढी पहिरोबाट बच्ने उपायहरू छन् भने भन्नुहोस् न !

विमल : ल सुन

- बाढी पहिरोबाट सुरक्षित ठाउँ हेरी बस्ने,
- ठूलो पानी परेमा सतर्क रहने,
- परिवारका सदस्य समूहमा बस्ने,
- बाढी आएको बेला खोला नतर्ने,
- बाटोको छेउको पाखामा जमिन चिरा परेको, माटो खस्दै गरेको देखेमा त्यो बाटो नहिँड्ने ।

रविना : साथी विमल, तपाईँले छुटेको पाठका बारे यति राम्रो सँग भनेर बुझाएकोमा धेरै धेरै धन्यवाद । नमस्कार ।

विमल : हुन्छ, नमस्कार ।

### ग) तलका प्रश्नहरूको उत्तर लेखौँ :

अ) बाढी भनेको के हो ?

...........................................................................

आ) बाढीबाट बच्ने दुई वटा उपायहरू लेख्नुहोस् ।

...........................................................................

इ) पहिरो भनेको के हो ?

...........................................................................

ई) पहिरोबाट बच्ने दुई वटा उपायहरू लेख्नुहोस् ।

...........................................................................

### घ) ठीक भए ठीक (√ ) चिन्ह र बेठीक भए बेठीक (x ) चिन्ह लगाऔँ :

अ) खोलामा बाढी आएको बेला खोला तर्नु हुँदैन। ( )

आ) ठूलो पानी परेमा सतर्क रहनुपर्छ। ( )

इ) सूचना र सञ्चारको सम्पर्कमा रहनु हुँदैन। ( )

ई) बाढी आएको बेला होचो भूभागमा जानु हुँदैन। ( )

उ) बाटोको छेउमा जमिन चिरा परेको, माटो खसिरहेको अवस्थामा पनि त्यो बाटो हिँड्नुपर्छ। ( )

## वन्यजन्तु आक्रमण

### क) कथा पढौँ र बुझौँ :



शनिवारको दिन राम र उनका साथीहरू जङ्गलमा दाउरा काट्न गएका थिए । जङ्गलमा दाउरा खोज्ने क्रममा उनीहरू एक अर्काबाट अलग भएर धेरै भित्र गए। । परबाट बचाऊ ! बचाऊ ! भन्दै चिच्याइरहेको सुने । उनीहरू आवाज आएतिर दौडे। त्यहाँ पाटेबाघ देखेर एकजना साथी भाग्दै गरेको उनीहरूले टाढैबाट देखे । उनीहरूले तुरुन्तै गाउँलेहरूलाई खबर गरे । गाउँलेहरू आएपछि सबैजना सँगै घर फर्के। बाटोमा वनका कर्मचारीसँग भेट भयो। रामले वनका कर्मचारीले भनेका जङ्गली जनावरबाट बच्ने उपायहरू टिपोट गर्यो।

- जङ्गलमा वन्यजन्तुको गन्ध पाएमा वा पाइला देखेमा त्यतातिर नजाने,

- आराम गरिरहेको जनावरलाई नजिस्क्याउने,
- राति घर बाहिर ननिस्कने, निस्कनु परे लौरो या हतियार, टर्च आदि साथमा लिएर निस्कने,
- घर वरिपरि झाडी नराख्ने,
- एक्लै जङ्गलको बाटो नहिँड्ने।

**ख) तलका प्रश्नहरूको उत्तर लेखौँ :**

अ) राम र उनका साथी जङ्गलमा के गर्न गएका थिए ?

.......................................................................

आ) रामको साथीलाई कुन जनावरले आक्रमण गरेको थियो ?

.......................................................................

इ) जङ्गल छेउमा विद्यालय वा घर भए वन्यजन्तुबाट सुरक्षित रहन के गर्नुपर्छ ?

.......................................................................

**ग) तलका शब्द छानी खाली ठाउँ भरौँ :**

| | | | | |
|---|---|---|---|---|
| झ्यालढोका | राति | पाइला | जङ्गल | जिस्क्याउनु |

अ) दिसापिसाब गर्न ........मा जानु हुँदैन।

आ) जङ्गल छेउछाउका मानिसले राति सुत्दा ............ राम्ररी बन्द गर्नुपर्छ।

इ) जङ्गली जनावरहरूलाई ..............हुँदैन।

ई) वन्यजन्तु आक्रमणबाट बच्न ..........घर बाहिर बत्ती वा आगो बाल्नुपर्छ ।

उ) जङ्गलमा हिँड्दा जङ्गली जनावरको गन्ध पाएमा वा ...........देखेमा सतर्क हुने र त्यतातिर जानु हुँदैन ।

## घ) ठिक र बेठिक वाक्य छुट्याई तालिकामा भरौँ :

एक्लै जङ्गलको बाटो हिँड्नु राम्रो हुन्छ । जङ्गल छेउछाउका मानिसहरूले जङ्गलमा दिसापिसाब गर्न जानु हुँदैन । जङ्गली जनावर देखेमा जिस्क्याउनु हुँदैन । जङ्गलमा हिँड्दा जङ्गली जनावरको गन्ध पाएमा वा हिँडेको पाइला देखेमा त्यतैतिर जानुपर्छ ।

| ठिक वाक्य | बेठिक वाक्य |
| --- | --- |
| | |
| | |
| | |

ङ) शिक्षकको निर्देशन र सहयोगमा वन्यजन्तु आक्रमणको कृत्रिम अभ्यास गर्नुहोस् ।